मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.



한국어
कोरियन भाषा
का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सल्टेन्सी
बिहान ५:०० बजे देखि बेलुकी ६:०० बजे सम्म
FAST TRACK
Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४



◆ वर्ष : २४ ◆ अङ्क : ३२९ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ कात्तिक ५ गते मंगलवार (Tuesday, October 22. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-





गैह्रनेपालीलाई नागरिकता प्रकरण

# उमेर घटाउन दुई हजार !

**बिर्तामोड, कात्तिक ४।** ताप्लेजुङका टेकबहादुर गुरुङलाई वैदेशिक रोजगारीका लागि विदेश जानु थियो ।

तर, उमेर हदका कारण उनी विदेश जानबाट बञ्चित हुने भएपछि उनले नागरिकताको मिति नै परिवर्तन गर्ने सोच बनाउँदै जिल्ला प्रशासन कार्यालयसम्म पुगे र बिचौलियासँग सल्लाह गरे । बिचौलियाले कति वर्ष उमेर घटाउने भन्दै शुरुमा सोधे र वर्षको तीन हजार रुपैयाँ लाग्ने बताए । 'के खोज्छस् .... आँखो' भने झैं भयो गुरुङलाई पनि । हत्तपत्त उनले आफ्नो उमेर १० वर्ष घटाउने निधो गरे अनि शुरु भयो पैसाको बार्गेनिङ ।

विचौलियाले शुरुमा प्रतिवर्ष उमेर घटाएको तीन हजार रुपैयाँ लाग्ने बताए पनि अन्ततः गुरुङले दुई हजार मात्रै दिनसक्ने बताएपछि गुरुङको १० वर्ष उमेर घटाइयो । सो वापत उनले बिचौलियालाई २० हजार रुपैयाँ बुझाए ।

२० हजार रुपैयाँ बिचौलियालाई बुझाएका गुरुङको सक्कली नागरिकता भने बिचौलियाकै हातमा थियो । त्यही नागरिकतालाई आधार मानेर बिचौलिया र जिल्ला प्रशासन कार्यालय झापाका कर्मचारीको मिलेमतोमा टेकबहादुर गुरुङलाई नै आधार मान्दै ९ वटा नागरिकता जारी भए । कर्मचारी र विचौलियाले गुरुङको ठेगाना परिवर्तन गर्दै नौ जनालाई नागरिकता जारी गरे । गुरुङको छोरा बनाएर धोनसेल गुरुङ, वाङ्मो गुरुङलाई बिचौलिया र कर्मचारीले भद्रपुर-९ ठेगाना देखाउँदै नागरिकता जारी गरिदिए ।

त्यस्तै भद्रपुर-९लाई नै ठेगाना बनाएर टेकबहादुर गुरुङको छोरीका नाममा शरणामती-५ ठेगाना देखाएर डोल्मा गुरुङलाई नागरिकता प्रदान गरियो । त्यस्तै वाहुनडाँगी-५ बस्ने टेकवहादुर गुरुङको छोरा बनाएर सिसप गुरुङलाई नागरिकता प्रदान गरियो । बिर्तामोड-८ ठेगाना बनाउँदै रिङ्जेन छोडे गुरुङको नाममा टेकवहादुरलाई वुवा बनाएर नागरिकता जारी भयो । साविक शरणामती-५लाई नै ठेगाना बनाउँदै टेकबहादुर गुरुङलाई नै वुवा बनाएर डोल्मा गुरुङका नाममा नागरिकता जारी भयो ।

त्यस्तै सोठी ठेगानालाई आधार बनाएर पेमा डोल्कर गुरुङको नाममा नागरिकता जारी भयो । टेकवहादुर गुरुङको छोरा बनाएर छिरिङ डिकी गुरुङलाई नागरिकता प्रदान गरेको प्रहरीको अनुसन्धानबाट खुलेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

विदेशी नागरिकलाई नेपाली नागरिकता दिएको आरोपमा प्रहरीले जिल्ला प्रशासन कार्यालय झापाका कर्मचारीसहित दुई बिचौलियालाई पक्राउ गरेको छ । विदेशी नागरिकलाई बुवा बनेर नागरिकता प्रदान गरेको आरोपमा टेकबहादुर गुरुङलाई समेत प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेका सबैलाई जिल्ला प्रहरी कार्यालय झापामा राखिएको छ ।

यता नागरिकताको १० वर्ष उमेर घटाएर विदेश पुगेका गुरुङलाई प्रहरीले पक्राउ गरे पनि उनको नागरिकता दिने कार्यमा संलग्नता रहे-नरहेको अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी नायव उपरीक्षक श्रेष्ठले जानकारी दिए । आफ्नो सक्कली उमेर घटाएर कानूनको उल्लङ्घन गरेका गुरुङले साङ्गठानिक अपराध गरेको देखिएको छ- प्रहरी नायव उपरीक्षक श्रेष्ठले भने- नागरिकताको उमेर घटाउने सुरमा सक्कली नागरिकता बिचौलियालाई छाड्दाको परिणाम हो यो ।

प्रहरीले गुरुङसहित अहिले उनको नागरिकतामा

(बाँकी अन्तिम पृष्ठमा)

## कुमारको मृत्यु 'दोहोरो भिडन्तमा होइन'

**झापा, कात्तिक ४।** राष्ट्रिय मानव अधिकार आयोगले नेत्रविक्रम चन्द विप्लव नेतृत्वको नेकपाका नेता कुमार पौडेल दोहोरो भिडन्तमा मारिएको पुष्टि नभएको ठहर गरेको छ ।

आयोगका प्रवक्ता एवम् सचिव वेद भट्टराईका अनुसार आयोगको अनुसन्धानबाट पौडेलको मृत्यु दोहोरो भिडन्तमा भएको पुष्टि हुन नसकेको हो । आयोगको सोमवार बसेको बैठक त्यस्तो ठम्याइमा पुगेको बताइएको छ । त्यसैले आयोगले घटनामा प्रत्यक्ष संलग्न प्रहरी र उक्त टोलीको नेतृत्व गरेका प्रहरी अधिकारीविरूद्ध मुद्दा चलाउन सरकारलाई निर्देशन दिने निर्णय गरेको आयोगका एक सदस्यले बीबीसीलाई बताए ।

असार पहिलो साता विप्लवको दलका सर्लाही जिल्लाका नेता पौडेल लालबन्दी नगरपालिकास्थित जंगलमा भएको भनिएको भिडन्तमा मारिएको प्रहरीले बताएको थियो । तर, प्रहरीले नियन्त्रणमा लिएर उनको हत्या गरेको भनी संसद्मा समेत कुरा उठेको थियो ।

उक्त घटनाबारे मानव अधिकार आयोगले स्थलगत अनुसन्धान गरेर तयार पारेको प्रतिवेदनका आधारमा आयोगले त्यस्तो निर्णय गरेको हो । अनुसन्धानका क्रममा आयोगले बारम्बार ताकेता गर्दा पनि शव परीक्षण (पोष्टमोर्टम) र प्रहरी प्रतिवेदन नपाए पछि तीनदिने म्याद तोकेर प्रहरी प्रधान कार्यालयलाई दुवै प्रतिवेदन बुझाउन निर्देशन दिएको थियो ।

(बाँकी अन्तिम पृष्ठमा)

## हेरोइनसहित ५ जना पक्राउ

**पाँचथर, कात्तिक ४।** मोरङको विराटनगर महानगरपालिका-१५ स्थित १ नम्बर ढाटबाट अबैध लागू औषध खैरो हेरोइनसहित एक जना पक्राउ परेका छन् ।

सोमवार बिहान ११ बजेको समयमा चेकजाँचमा खटिएको प्रहरीको टोलीले बेलबारी नगरपालिका-६ बस्ने बर्ष ४०को सिद्धि गिरीलाई ५ ग्राम २५० मिलि ग्राम खैरो हेरोइनसहित पक्राउ गरेको हो । पक्राउ परेका उनलाई इलाका प्रहरी कार्यालय रानीमा राखी थप अनुसन्धान कार्य गरिरहेको उक्त कार्यालयले जनाएको छ ।

यसैगरी इलाका प्रहरी कार्यालय केराबारीबाट गस्तीमा खटिएको प्रहरीको टोलीले केराबारी गाउँपालिका-७ बिचटोल बस्ने करण मगरको घरमा लागूऔषध सेवन गरिरहेको अवस्थामा बर्ष २०को करण मगर, बर्ष २२को सन्देश चौधरी, बर्ष १९ को सुशील खेवा र बर्ष १९को बिशाल चेम्जुङलाई ५०० मिली ग्राम ब्राउन सुगरसहित नियन्त्रणमा लिएर इलाका प्रहरी कार्यालय बेलबारीमा पुऱ्याएको उक्त कार्यालयले जनाएको छ ।

## आगलागीमा करोड क्षति

**सोलुखुम्बू, कात्तिक ४।** सोलुखुम्बूको नेचासल्यान गाउँपालिका-१ ख्याम्पू बस्ने चन्द्र प्रकाश कोइरालाको घरमा आगलागी हुँदा अन्दाजी ९८ लाख बराबरको क्षति भएको छ ।

सोमवार बिहानको राति २ बजेको समयमा अचानक बिद्युत् लाइन सर्ट भई आगलागी हुँदा कोइरालाको ढुङ्गा माटोले बनेको ३ तले घर, घरभित्र रहेको काठपात २०० थान, सरा २००

(बाँकी अन्तिम पृष्ठमा)


ग्रील पसल विक्रीमा

झापाको अर्जुनधारा-८स्थित शनिश्चरे बजारमा चालूअवस्थामा रहेको ग्रिल पसल विक्रीमा रहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क : ९८०८०१८४६०

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

पानीटंकीको पहिलो गल्ली दायाँ साइड

सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

दीपावली तथा छठ पर्वको अवसरमा विरामीहरूको लागि खुशीको खबर

TFT - 1200/-
RFT- 1000/-
Sugar- 100/-
2300/-
अब मात्र ५00 मा

यो अवसर सीमित अवधिको लागि मात्र ।
साथै यहाँ २४ सै घण्टा विशेषज्ञ डाक्टरहरुको सेवा उपलब्ध छ र औषधि शुपथ मूल्यमा पनि पाइन्छ ।

सनराइज मेडिसिन सेन्टर
भद्रपुर रोड, बिर्तामोड-४, झापा
०२३-५४४१३२, ९८०२५४४१३२

मन्टेश्वरी तालिममा भर्ना खुल्यो

- मन्टेश्वरी तालिम लिन इच्छुक महानुभावहरुको लागि भर्ना खुलेको जानकारी गराउँदछौं ।
- यही मिति २०७६ कात्तिक १७ गतेदेखि १ हप्ते, दुई हप्ते, एक महिने तथा ३ महिने कोर्षहरुमा मन्टेश्वरी भर्ना खुलेको जानकारी गराउँदछौं ।

नोटः यस स्कूलमा कक्षा PGमा नयाँ भर्ना खुलेको समेत जानकारी गराउँदछौं ।

सम्पर्कः वेष्ट फ्युचर मन्टेश्वरी स्कूल एण्ड ट्रेनिङ्ग सेन्टर, बिर्तामोड, झापा
०२३-५४२६४७, ९८४९२५९७२९, ९८४१८९७४४७




Civil / Computer Engineering र X-Ray Technician सहित ANM / CMA / Lab Assistant कार्यक्रमहरुमा पूनः भर्ना खुल्यो !

CTEVT बाट सम्बन्धन प्राप्त यस सुनसरी टेक्निकल कलेजमा शैक्षिक शत्र २०७६/०७७ को लागी केहि रित्त सिटहरुकालागी निम्न Diploma तथा TSLC कार्यक्रमहरुमा पून: भर्ना खुल्यो !

Diploma तर्फ (3 Years)
- Diploma in Civil Engineering
- Diploma in Computer Engineering
- Diploma in Radiography (X-RAY Technician)

TSLC तर्फ (18 Months)
ANM , CMA
Lab Assistant

SEE तर्फ D तथा E Grade प्राप्त गर्नेले समेत फारम भर्न पाईने छ ।

फारम भर्ने अन्तिम मिति : २०७६ कार्तिक १७ गते सम्म
प्रवेश परिक्षा : २०७६ कार्तिक २३ गते शनिवार

सुनसरी टेक्निकल कलेज
लक्ष्मी सडक, धरान-१
मोबाइल : ९८५२०२०६१५, ९८४१४२९७१३, ९८०४३३६६८९

# बसमा चोरी गर्ने दुई महिला प्रहरीको फन्दामा



**झापा, कात्तिक ४।** पूर्व-पश्चिम राजमार्ग अन्तर्गत झापाको काँकरभिट्टा-बिर्तामोड सडकखण्डमा सवारी साधनमा चोरीका घटना हुने गरेको पाइएको छ।

बसमा यात्रा गर्ने क्रममा अर्जुनधारा नगरपालिका-२की ४० बर्षीया बिमला रोक्का सार्कीको व्यागबाट एक लाख रुपैयाँ चोरी गर्ने दुई जना महिलालाई प्रहरीले नियन्त्रणमा लिएसँगै चोरी घटना हुन थालेको खुलेको हो।

सोमबार मेचीनगर नगरपालिका-१३ स्थित चारआली चौकमा पुगेपछि आफूसँग भएको पैसा चोरी भएको थाह भएपछि बिमलाले प्रहरी चौकी चारआलीमा दिएको हुलिया अनुसार खोज तलास तथा चेकजाँच गर्ने क्रममा सोही स्थानमा रहेको मेट्रो पेट्रोल पम्प नजिकैबाट काँकरभिट्टातर्फ टेम्पोमा चढेर जान लागेको अवस्थामा उनीहरुलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी प्रवक्ता डीएसपी महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए।

पक्राउ पर्नेमा भारत पानीट्याङ्की घर बताउने २५ वर्षीया पूजा गुल्ठा र सोही उमेरकी कविता मण्डल रहेका छन्। उनीहरुका साथबाट चोरी भएको झोला तथा एक लाख रुपैयाँ नगद समेत बरामद गरिएको प्रहरीले जनाएको छ।

चाडपर्वमा किनमेलका लागि जाने र विशेष गरेर महिलालाई निशानामा पारेर मोबाइल, पैसा, गरगहना लगायतका सामान चोरी गर्ने गरिएको पाइएको छ। त्यस्तो चोरीमा संलग्न महिला नै भएकाले उनीहरुले महिलालाई नै धेरै निशाना बनाउने गरेको प्रहरीले जनाएको छ।

यसैबीच जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक दिनेशराज मैनालीले बढी भीडभाड हुने स्थान, सवारी साधनमा यात्रा गर्दा विशेष सावधानी अपनाउन सुझाव दिएका छन्। उनले चोरी भए वा चोरी गरेको शंका लागे तत्काल प्रहरीलाई खबर गर्न आग्रह समेत गरेका छन्।

# गैरपुष्प व्यावसायीले आयात गरेको फूल नकिन्न अपिल

**झापा, कात्तिक ४।** फूलहरुको पर्व तिहार नजिकिएसँगै फूल व्यापार बढिरहेका बेला फ्लोरिकल्चर एशोसिएशन नेपालले गैरपुष्प व्यावसायीले बिक्री गरेका फूलहरू नकिन्न सर्वसाधारणलाई अपिल गरेको छ।

संघले सोमबार विज्ञप्ति जारी गर्दै गैरपुष्प व्यवसायीले ठूलो मात्रामा सयपत्री फूलको माला आयात गरेको आशंका गर्दै यस्तो अपिल गरेको हो। 'नेपालीहरुको महान चाड तिहारलाई लक्षित गरी ठूलो मात्रामा भारतीय बजारबाट सयपत्री फूलको माला गैरपुष्प व्यवसायीहरुले अनियन्त्रित रुपमा आयात गरी बिभिन्न कोल्डस्टोरहरुमा भण्डारण गरी राखेको जानकारी प्राप्त भएको हुँदा यस बिषयमा यस संस्थाको गम्भीर ध्यानाकर्षण भएको छ'- विज्ञप्तिमा भनिएको छ।

यस्तो माला विक्री हुँदा नेपाली किसानको फूलको बजारीकरणमा समस्या पर्ने भन्दै संघले सचेत गराएको छ। नेपाली पुष्प किसानहरुले उत्पादन गरेको सयपत्री फूलको मालालाई आयातित सयपत्री फूलको मालाको बिक्रीबाट प्रत्यक्ष असर पर्ने देखिएको छ- विज्ञप्तिमा भनिएको छ। उक्त माला बेचबिखन कार्यमा रोक लगाई स्थानीय किसानहरुको उत्पादनको बजारीकरणमा सहयोग पुऱ्याई दिनुहुन सम्बन्धित सरोकारवाला निकायहरुसँग संस्थाले अपिल गरेको छ।

# कागजी कलाको एकल प्रदर्शनी



**भद्रपुर, कात्तिक ४।** विद्यार्थीलाई पठनपाठनसँगै अतिरिक्त क्रियाकलापमा हस्तकलामार्फत रुची बढाउने उद्देश्यले भद्रपुरको एक सामुदायिक विद्यालयमा एकदिने ओरीगामी (कागजीकला) प्रदर्शन गरिएको छ।

भद्रपुर-५स्थित गौतम बुद्ध प्रावि परिसरभित्र शिक्षक उषा गुरुङले आफ्नो हस्तकलामार्फत उत्पादन गरेका विभिन्न किसिमका कागजी सामग्री प्रदर्शन गरेकी हुन्।

आफूले उत्पादन गरेका विभिन्न किसिमका फूल, चराचुरुङ्गी आकृतिका कागजी सामग्रीहरु विद्यालयका कार्यालय तथा कक्षा कोठा, सरकारी कार्यालय, संघ-संस्थाको कोठा, घर आँगनमा सजावट गर्न सकिने शिक्षक गुरुङले बताइन्। बिद्यालय व्यवस्थापन समितिका अध्यक्ष निर्मला राजवंशीको अध्यक्षता तथा भद्रपुर नगरपालिकाका उपप्रमुख चन्दामाया श्रेष्ठको प्रमुख आतिथ्यमा कार्यक्रम सम्पन्न भएको थियो।

कार्यक्रममा नगर शिक्षा शाखा प्रमुख उद्धव विष्ट, ५ नम्बर वडाका वडाध्यक्ष बन्धु कार्की, पशुपतिनाथ आधारभूतका प्रअ श्यामहरि अधिकारी, शिक्षक र बिद्यार्थीहरुको सहभागिता रहेको थियो।

स्वागत मन्तव्य विद्यालयका प्रअ जयन्ती मानीले राखेकी कार्यक्रमको सञ्चालन शिक्षक सुरेशकुमार न्यौपानेले गरेका थिए।

# करेन्ट लागेर एक जनाको मृत्यु

**पाँचथर, कात्तिक ४।** पाँचथरको कुम्मायक गाउँपालिका-३स्थित हाङ्थुवा टोलमा नयाँ बिजुली विस्तार गरी पोलबाट तार जडान गर्ने क्रममा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ।

सोमवार बिहान साढे ८ बजेको समयमा पाल्पाको रुप्से गाउँपालिका-९वस्ने २५ बर्षीय ईश्वर सारु मगरलाई तार जडान गर्ने क्रममा अचानक करेन्ट प्रवाह भई करेन्ट लाग्दा उनी गम्भीर घाइते भएका थिए।

घाइते उनलाई उपचारको लागि पौने ११ बजेको समयमा जिल्ला अस्पताल पाँचथर पुऱ्याउनासाथ डाक्टरले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालय पाँचथरले जनाएको छ।

# छुरा प्रहारबाट एक जना घाइते

**सुनसरी, कात्तिक ४।** सुनसरीको धरान उपमहानगरपालिका-१७ टेम्के मार्गमा छुरा प्रहारबाट १ जना घाइते भएका छन्।

सोही स्थान बस्ने वर्ष २२को लोकेन्द्र राई र वर्ष २२ को सईन्द्र राईलाई सोही उपमहानगरपालिका-१० बस्ने वर्ष २४ को समी राई, सोही उपमहानगरपालिका-१८ बस्ने वर्ष २७को तुलबहादुर राई र सोही उपमहानगरपालिका-११ बस्ने वर्ष १८ को अबिराज राईले टेम्पोको भाडाको बिषयमा बादबिबादको क्रममा तरकारी काट्ने छुराले राईको ढाडमा र टाउकोमा प्रहार गरी गम्भीर घाइते बनाएका थिए।

घटनाबारे जानकारी पाउनासाथ इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीको टोलीले घटनामा संलग्न ३ जनालाई नै पक्राउ गरेको थियो। घाइते राईलाई उपचारको लागि बीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान घोपा पुऱ्याएको उक्त कार्यालयले जनाएको छ।

# ज्यान जोखिममा भन्दै इरानी सुन्दरी शरणको खोजीमा



इरानी सुन्दरी तेहरानमा असुरक्षा महसुश गर्दै फिलिपिन्समा शरण खोजेकी छन्।

उनले आफ्नो जीवन नै जोमिमा रहेको भन्दै शरण खोजेकी हुन्। २०१८ मा राष्ट्रियस्तरको सुन्दरी प्रतियोगिता जितेकी बहरेह जार बहरी एक सातादेखि फिलिपिन्सको अध्यागमन सुरक्षामा छिन्।

तर, इरानमा उनीमाथि रेड नोटिस जारी गरिएको छ। उनले भने कुनै गल्ती नगरेको दावी गरेकी छन्। बहरीले विपक्षी राजनीतिक दललाई समर्थन गरेकाले आफूलाई लक्षित गरिएको दावी गरेकी छन्। सुन्दरी प्रतियोगितामा भाग लिएर महिला अधिकारबारे प्रतिक्रिया दिएकोमा आफूलाई निशाना बनाइएको उनको भनाइ छ।

## उमेरमा ...

उमेर घटाउन सहयोग पुऱ्याएको आरोपमा प्रेमलाल तिम्सिना, भीम लिम्बूलाई पक्राउ गरेको छ। त्यस्तै जिल्ला प्रशासनका कर्मचारी तेजिन्द्र न्यौपाने, बिर्तामोड-८का वडासचिव लोकराज बरालसहित ६ जनालाई प्रहरीले पक्राउ गरेको छ।

प्रहरीका अनुसार नक्कली नागरिकता निर्माण गर्न भद्रपुरका सूर्यबहादुर खड्का, प्रेमराज तिम्सिना तथा बिर्तामोडका भीमबहादुर लिम्बू र बागबीर तामाङले बिचौलियाको भूमिका निर्वाह गरेका थिए। भद्रपुर-९का नरबहादुर पाख्रिन बुबा बनेर दुई जनालाई, बिर्तामोड-८का सुरेश अग्रवाल, त्यही वडाका सुशीलकुमार दास, नजिम मोद्दिन र निमा सेर्पा तथा भद्रपुर-९ का राम साह र नरबहादुर गुरुङ बुबा बनेर नक्कली नागरिकता बनाइएको छ। ती नागरिकताहरु भद्रपुर-९को ठेगानामा ६ वटा, बिर्तामोडको ५, शरणामती ३ र बाहुनडाँगीको ठेगानाबाट २ वटा बनाइएका छन्। १६ वटा नक्कली नागरिकता बनाउन १७ जनाले सनाखत गरेका छन्। शरणामती ठेगाना रहेका नागरिकतामा झापा गाउँपालिका ६ नम्बर वडा कार्यालयका सचिव भवकृष्ण न्यौपानेको समेत संलग्नता देखिएको डीएसपी श्रेष्ठले बताए।

यता बिर्तामोड-८का निमा सेर्पाको छोरा बनाएर लाक्पा सेर्पाको नाममा नागरिकता जारी भएको छ। त्यस्तै सुरेशकुमार अग्रवालको छोरा बनाएर संगम अग्रवालको नागरिकता बनाइएको छ। उनको ठेगानी बिर्तामोड-८ रहेको छ।

त्यस्तै बिर्तामोड-८कै नजिम मोद्दिनको छोरा बनाएर गैह्रनेपालीलाई नागरिकता दिइएको छ। भद्रपुर-९ निवासी नरबहादुर गुरुङको छोरा बनाएर गैह्रनेपालीलाई नागरिकता दिइएको छ।

त्यस्तै भद्रपुर-९निवासी राम साहको छोरा वनाएर गैह्रनेपालीलाई नागरिकता दिइएको छ। त्यस्तै सोही ठाउँमा नरबहादुर पाख्रिनको छोरा बनाएर नवाङ कोचे तामाङ र बिर्तामोड -८का सुनिलकुमार दासको छोरा वनाएर विधास दासको नाममा नागरिकता जारी भएको प्रहरीले जनाएको छ। नागरिकता काण्डमा मुछिएका दुई वडाअध्यक्ष तीन महिनादेखि फरार छन्। फरार हुनेहरुमा बिर्तामोड नगरपालिका ८का वडाध्यक्ष अजय कार्की र भद्रपुर नगरपालिका-९का शनिलाल राजवंशी रहेका छन्।

गैह्रनेपालीलाई नागरिकता बनाइदिएको आरोप दुवै वडाध्यक्षहरुमाथि छ। उनीहरूलाई प्रहरीले खोजी गरिरहेको छ। वडा कार्यालय कार्यबाहकको भरमा चलिरहेको छ। वडामा रचनात्मक काम हुन सकेको छैन। १६ जना गैह्रनेपालीलाई नागरिकता बनाइदिएको आरोपमा २ जना वडाध्यक्ष, जिल्ला प्रशासन कार्यालयका अधिकृतसहित ६ जना कर्मचारी, २ जना वडा सचिवसहित ४८ जनाका लागि पक्राउ पुर्जी जारी भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

तीमध्ये बिर्तामोड-८का वडासचिव लोकराज बराल, जिल्ला प्रशासन कार्यालयका खरिदार तेजेन्द्र न्यौपाने, नागरिकतामा सनाखत गर्ने बिर्तामोड-७का मुस्तफा आलम, बुबा बनेर नागरिकता बनाइदिने ताप्लेजुङका टेकबहादुर गुरुङ तथा बिचौलियाहरु भद्रपुरका प्रेमराज तिम्सिना र बिर्तामोडका भीमबहादुर लिम्बू पक्राउ परेको जिल्ला प्रहरीका डीएसपी महेन्द्रकुमार श्रेष्ठले जानकारी दिए। अन्य ४२ जना भने फरार रहेको उनले बताए।

जिल्ला प्रशासन कार्यालयका कर्मचारी र वडाध्यक्षहरुको मिलेमतोमा ८ वटा नागरिकता दुरुपयोग गरी १६ जनालाई नेपाली नागरिकता बनाइदिएको डीएसपी श्रेष्ठले बताए। उनीहरुले ताप्लेजुङका टेकबहादुर गुरुङलाई बुबा बनाएर ९ जनालाई नक्कली नागरिकता बनाइदिएको श्रेष्ठको भनाइ छ।

उनीहरुले ०७३ मंसीर १३ गते लोवसाङ गुरुङ, ०७३ माघ ११ गते पेमा डोल्कर गुरुङ, डोल्मा गुरुङ र छिरिङ डिकी गुरुङ, ०७६ जेठ ६ गते छिरिङ सेर्पा, धोनसेर गुरुङ, नवाङ केचन तामाङ, वाङमो गुरुङ, डोल्मा गुरुङ, ०७६ जेठ १४ गते रिगजेन छोडेन गुरुङ, नवाङ शिराप गुरुङ, लाक्पा सेर्पा, सञ्जय अग्रवाल, सन्जय साह, ०७६ जेठ २१ गते ज्योति विश्वास दास र अयुव आलमलाई नेपाली नागरिकता बनाइदिएका हुन्।

नागरिकता काण्डमा मुछिएपछि दुवै वडाध्यक्ष कार्यबाहक दिएर सम्पर्कविहीन छन्। कार्कीले असार ८ गते वडासदस्य दीपक भट्टराईलाई कार्यबाहक दिएका थिए। राजवंशीले असार २४ गते वडा सदस्य रामप्रसाद दाहाललाई कार्यबाहक दिएका हुन्। बिर्तामोड-८का वडासचिव समेत पक्राउ परेपछि वडा कार्यालय सचिव विहीन छ।

बिर्तामोड-८मा वडा ९का सचिव सुवास विकले हेर्दै आइरहेका छन्। बिर्तामोड-८का काबा अध्यक्ष भट्टराईले वडाध्यक्ष फरार रहे पनि जनताको कुनै काम नरोकेको बताए। केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी)ले अनुसन्धान गरिरहेको नागरिकता काण्डको फाइल भदौं १३ गते जिल्ला प्रहरीलाई जिम्मा लगाइएको छ। प्रहरीले उक्त घटनामा मुछिएका सबैलाई 'संगठित अपराध' अन्तर्गत मुद्दा चलाउने तयारी समेत गरिरहेको छ।

## आगलागीमा ...

थान, अन्नपात, लत्ता कपडा, भाँडाकुँडा पूर्ण रुपमा जलेर नष्ट हुँदा सो क्षति भएको हो। सोही घरमा कोठा भाडा लिई बस्ने रमेशकुमार राईको बैंक स्टोर सप्लायर साझेदारी स्टोरभित्र रहेको जुत्ता, चप्पल, रेडिमेड कपडा, किराना सामान समेत पूर्ण रुपमा जल्दा अन्दाजी १८ लाख बराबरको क्षति भएको छ।

घटनाबारे बिहान ४ बजेको समयमा अस्थायी प्रहरी चौकी सल्यानलाई जानकारी गराउनासाथ तत्काल घटनास्थलमा खटिएको प्रहरीको टोलीले स्थानीयको सहयोगमा आगो बिहान सवा ६ बजेको समयमा पूर्ण रुपमा नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय सोलुखुम्बूले जनाएको छ।

## कुमारको ...

गृहमन्त्रालयले दिएको प्रतिवेदनले पनि भिडन्तमै मारिएको देखाएको अधिकारीहरूले बताएका थिए। तर आयोगको ठहर सरकारको भनाइभन्दा विपरीत आएको छ। विप्लवको दलले पनि आफ्नो नेताको मृत्यु दोहोरो भीडन्तमा नभइ नियन्त्रणमा लिएर उनको हत्या गरिएको बताएको थियो। पौडेलका परिवारका सदस्यहरूले पनि त्यस्तै दाबी गरेका थिए।


## गोदाम आवश्यकता

एक प्रतिष्ठित कम्पनीको लागी बिर्तामोड एरियामा ट्रक आवतजावत गर्नसक्ने बाटो भएको गोदाम र अफिस एरियाको लागी ८,०००-१०,००० वर्ग फिटसम्मको खाली जग्गामा गोदाम र अफिस निर्माण गरी दिने वा निर्माण भएको भवन आवश्यक परेको हुँदा इच्छुक व्यक्तिहरुले सम्पर्क गर्न अनुरोध गरिन्छ।

सम्पर्क नं: ९८०११८५००१

## कर्मचारी आवश्यकता

सवारी साधनका लुब्रिकेन्ट्स र टायरको देशभरि मार्केटिङको लागि १ जना कर्मचारी आवश्यकता भएकोले इच्छुकले सम्पर्क गर्नुहोला।

१) योग्यता : सवारीसाधन सम्बन्धी कार्य गरेको।
२) शैक्षिक योग्यता : +२
३) Male only
४) vat सम्बन्धी ज्ञान भएको

Email: pab540048@yahoo.com

मोवाइल नं. ९८५२६८०५८१

## होटल तु-विक्रीमा

बिर्तामोडस्थित महेन्द्र राजमार्गसँग जोडिएको, पोखरेल मार्केटमाथि, मुक्तिचोक १०० मिटर पश्चिम छेउमा अति चालूअवस्थामा रहेको मितेरी कान्तिपुर होटल एण्ड लज तु–बिक्रीमा रहेकोले इच्छुकले सम्पर्क गर्नुहोला।

सम्पर्क : ९८५२६७१६१९


## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७६।७।५ | ११ केभी बजार फिडर | अनारमनी वितरण केन्द्र अन्तर्गतको कार्यालयदेखि उत्तर मुक्तिचोक, भद्रपुर रोड अतिथि सदन क्षेत्र तथा मुक्तिचोक पश्चिम भगवान चोक क्षेत्र सबै | विहान ७:०० बजेदेखि दिउँसो ३ बजेसम्म | भद्रपुररोडको ११ केभी प्रशारण लाइन स्थानान्तरण सम्बन्धी कार्य | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ। |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

**पूर्वाञ्चल**

**सम्पादकीय**

## जवाफदेहिता र भ्रमण वर्षको सन्दर्भ


**नेपाल भ्रमण वर्षको संघारमा उभिएका छौं हामी । त्यसो त भ्रमण वर्ष मनाउन लागेको यो नै पहिलो होइन, तर पनि सरकारले घोषणा प्रतिबद्धतासहित पैंतीस लाख पर्यटक भित्र्याउने महत्वाकांक्षी योजना बनाएको गणतन्त्रात्मक नेपालको पहिलो हुनसक्छ । नेपालको प्रकृति, संस्कृति र जातीय विशिष्टताले शदियौंदेखि विश्व आकर्षित छ । जसका कारण प्रत्येक वर्ष विश्व समाजबाट थुप्रैले यसको रसास्वादन गरेका छन् । विश्वलाई लोभ्याउने सगरमाथा लगायतका उच्च हिम्श्रृंखला हुन् वा आकाश होलान् जस्ता देखिने र जैविक विविधता समेटेर नेपालीलाई जीवन दिने पर्वत सबैको आ–आफ्नै महत्व छन् । त्यसमाथि उच्च भू–भागमा अवस्थित ताल, फरक धू–धरातलमा रहेका जीवजन्तु, खोँच, झरना र आश्चर्यचकित् पार्ने भू–बनोटले वर्षौंनि लाखौं मानिसलाई नेपाल आउन बाध्य पारिराखेकै छ ।**

**विदेशी पर्यटकहरुको आगमनका दुई माध्यम छन् हवाई र स्थल यातायात त्यसमा पनि भूपरिवेष्टित र तीनतिर भारतसँग जोडिएका कारण धेरैले पूर्वीनाका भएर नेपाल प्रवेश गर्ने गरेका छन् । एकपटक प्रवेश गरेको पर्यटक फेरि–फेरि आओस्, अरुहरुलाई पनि प्रेरित गरोस् भन्नका लागि त्यही अनुसारको पूर्वाधार, नीति, सेवा र सुविधा प्रवाह गर्नुपर्छ । यो सँगै उनीहरुलाई त्यस्तो आतिथ्य प्रदान गर्नुपर्छ जसले आगन्तुकलाई लोभ्याओस्, सुविधा दिओस् । यसका लागि सरकारी संयन्त्र, पर्यटन अक्षित संघ–संस्था तथा स्थानीय सरकारको मुख्य भूमिका देखिनु पर्दछ । सुदूर पूर्वको काँकरभिट्टा नाका प्रवेश गर्दाको फरक प्रभाव र अनुभूति दिलाउन पर्यटकमैत्री वातवारण र व्यवहार देखाउन सबै जिम्मेवार र सम्बद्ध निकायको प्रभावकारी उपस्थिति देखिनु पर्दछ।**

**यथार्थमा हामी अहिले अनेक विकृति र विसंगतिबाट घेरिएका छौं । फोहरको डंगुर आँखामा पर्ने पहिलो अवरोध भएको छ । यत्र, तत्र, सर्वत्र फोहर थुपारिएका छन्, यथोचित र दीर्घकालीन व्यवस्थापन भएको कतै सुन्न पनि पाइएको छैन । व्यवस्था, पद्धति र व्यक्ति फेरियो तर प्रवृत्ति यथावत छ । जहाँ–जहाँ शहरीकरणको वायुले स्पर्श गर्छ त्यहाँ–त्यहाँ जल जमिन र वायु प्रदुषित छ । पूर्वको मेचीनगर होस् वा पश्चिमको दमक नगरपालिका अथवा झापाको केन्द्र भनिने बिर्तामोड सबै दुर्गन्धमय छन्, स्थायी समाधान नपाएर । अझ बिर्तामोडस्थित मुक्तिचोकदेखि चारलेखको बनिने भनेको सदरमुकाम जोड्ने सडक क्षत–विक्षत छ जसले के सन्देश दिन्छ वा कस्तो प्रभाव पार्छ भोग्नेहरुले बुझ्नुन् ।**


**बिर्तामोड नगरपालिकाको शहरी क्षेत्रभित्र सार्वजनिक शौचालय नै छैन । यात्रु लक्षित शौचको प्रबन्ध नहुँदा खुल्ला दिसामुक्त घोषणा मै सवाल तेर्सिएको छ । स्थानीय सरकारको पहिलो प्राथमिकतामै नपरेर यतिका समय प्रदुषणले थिच्दै लगेको बेला भ्रमण वर्षको व्यग्र प्रतिक्षा छ । मुक्तिचोकदेखि चार किलोमिटर दक्षिणको सडकखण्ड भ्रमण वर्ष प्रारम्भ हुनु पूर्व पूर्णरुपमा सञ्चालनमा आएको हेर्न चाहने स्थानीयबासीको सपना कुण्ठित नहोस् । स्थानीय सरकार, जनप्रतिनिधि जिम्मेवार निकाय, संस्था सडक डिभिजन कार्यालय लगायतका सबै दायित्व बहन गर्नेहरुको इमान्दारिता, लगन, इच्छा र कर्मशीलता भ्रमण वर्षको सान्दर्भिकतासँग जोडिएको देख्न पाइयोस् ।**

**सामाजिक सञ्जाल**



निर्दोष शिक्षकलाई रुखमा बांधेर हत्या गर्ने, चन्दा नदिएको कारण जनप्रतिनिधिलाई गोली हानी मार्ने र जिउँदो मान्छेलाई इँट्टाभट्टामा हालेर मार्ने कार्य अमानवीय, जघन्य र आतंकाकरी गतिविधि हुन् । यस्ता अपराधलाई राजनीतिक रंग दिने काम नगरौं । जतिसुकै बर्ष लागोस्, अपराधीले कदापि उन्मुक्ति पाउने छैन ।

**– कमल थापा**



हाम्रो संघर्ष विधिको शाशन र दबाबमुक्त कानूनी राज्यका लागि थियो, हो र रहनेछ । अनुसन्धानमा सहजतापूर्वक सघाउनु हाम्रो कर्तव्य हो । स्थापनाकालदेखिको हाम्रो संस्थागत मान्यता कस्तै परिस्थितिमा किमार्थ बदलिन्न । यही नै हाम्रो स्थायी धारणा, स्थायी विश्वास र स्थायी बाटो पनि हो ।

**– विश्वप्रकाश शर्मा**

# ब्रम्हाण्डमा लीन भएका चक्र दाइलाई मेरो अनुरोध



हरिकुमार प्रसाई

ईश्वरको (ब्रम्हाण्डका मालिकको) निर्णय पनि कहिलेकाहीँ कति विवास्पद हुँदोरहेछ । यस लोकका चाहिँने मान्छे थाहा नै बिना चुँडेर लाने र बिना कामकालाई बिना कारण यही लोकमा (मानबलोक) लामो समयसम्म थचारेर बस्न बाध्य पार्ने ।

हाम्रा आदरणीय दाइ चक्रप्रसाद बाँस्तोलाले ईश्वरको यही नियति बाध्य भएर भोग्नु पऱ्यो । हाम्रो देशको तत्कालीन संक्रमणकालीन भविष्यलाई व्यजस्थापन गर्न क्षमता राख्न सक्ने एक तार्किक, कुटनीतिक, परराष्ट्र मामिला विज्ञ तथा सैद्धान्तिक राजनीतिज्ञ, उहाँ(चक्रजी)लाई ६ बर्षको कठोर अवचेतन अवस्थाको सजाय यही लोकमा दिएर पुनः यही



लोकमा चेतन अवस्थामा नल्याई (चेतना आउन नदिई) देशको अस्थिर र संक्रमण अवस्थाको समाधानको परिणाम आउन नसकिरहेको र देशले प्रश्रव पीडा भोगिरहेकै बेला टपक्क टिपेर उहाँलाई आफ्नो लोकमा लान सर्वब्यापी ईश्वरलाई चक्रजीको के जरूरी परेको थियो र !

केही समय (१०-१२ बर्ष) ईश्वर लोकको क्यालेण्डर अनुसार (१०-१२ सेकेण्ड मात्र न हो हाम्रो क्यालेण्डरमा) यही लोकमा छोड़ी दिएको भए के बित्थ्यो र ईश्वरलाई त्यही १०-१२ सेकेण्ड उहाँ (चक्रजी) ईश्वर लोकमा नपुग्दा ! तर... चक्र दाइ, यदि पृथ्वी छाडेर यो ब्रम्हाण्डको अरू कुनै उत्तमलोकमा तपाईँको गमन ब्रम्हाण्ड राजले (ब्रम्हाण्ड परिचालनका मालिक)गराई राखेको हो भने प्रस्ताव राख्नुहोस् ब्रम्हाणड राजलाई, नेपाललाई पनि सुख र समृद्धिको बाटोमा लान किन ढिला भइरहेको छ ।

के बिषयले व्यवधान भएको हो ? पठाई दिनुहोस् त्यहाँ भएका छलफलका निचोड ताकि थाहा पाउन नेपालको समृद्धि र विकासको जिम्मा लिएका नाइकेहरुले लोकतान्त्रिक गणतन्त्रको नायकत्व कसरी गर्नुपर्छ ? मुखले बोलेर र चाहिँदा नचाहिँदा भाषण गरेर मात्र आउँदैन समृद्धि, समृद्धि ल्याउन त चाहिन्छ कठोर परिश्रम र निष्ठा अनि मुलुकको कानून हुबहुँ कार्यान्वयन गर्ने दृढ अठोट । सिकाउनुपर्छ आम नागरिकलाई दृढ इच्छाशक्तिसहित समृद्धिको बाटोमा लामबद्ध भई हिँडेपछि मात्र शुरु हुन्छ समृद्धिको नव बाटोमा आम नागरिकहरूको गमन नयाँ क्षितिजको उदय ? तर, दुर्भाग्य कहीँ देखिएनन् समृद्धिका संकेतहरु, किन के भएर देखिएनन् समृद्धिका संकेतहरु ! यिनै प्रश्नहरुका जवाफ खोज्दै तपाईँलाई तल उल्लेखित बुँदाहरू पठाउँदैछु । ब्रम्हाण्ड राज सभामा छलफलका लागि भएका निर्णयहरू यो मुलुकको नायकत्व गर्नेहरुको इमेल ठेगानामा पठाई दिनु होला उनीहरुको जानकारीको निम्तिः

१) बिकास र समृद्धिका सूत्रहरू के-के हुन् ?
२) बिकासका पूर्वाधरको निर्माण कसरी गर्न सकिन्छ ?
३) नेपली-नेपालीबीच रहिआएको सामाजिक सद्भाव पुनः कसरी यथावत अवस्थामा ल्याउन सकिन्छ ?
४) बिदेशिएका युवायुवतीहरुलाई स्वदेश फर्काएर रोजगारीको व्यवस्था गरी देश निर्माणमा कसरी प्रयोग गर्न सकिन्छ ?
५) स्वदेशी उद्योगको प्रबर्द्धन र बिकास कसरी गर्नुपर्छ ?
६) फरिया र परिवारबादको अन्त्य नगरी देश विकास हुँदैन कि ?
७) भ्रष्टाचार अन्त्य गर्ने सूत्र के-के हुन् ?
८) दण्डहिनताको प्रबर्द्धन कसरी गर्नुपर्छ ?
९) राजनीतिमा युवा पिंढीलाई देशको भविष्य निर्माण रसञ्चालन खातिर कसरी दिक्षित गर्नुपर्छ ?
१०) ज्येष्ठ नागरिक, अपाङ्ग नागरिक, एकल महिला, खास गरिबीको रेखामुनी रहेका नेपाली नागरिकहरूको सुरक्षा र सम्बर्द्धन कसरी गर्नुपर्छ ?
११) आम नागरिकहरूमा सुरक्षाको अनुभूति कसरी गराउन सकिन्छ ?
१२) हत्या, हिंसा, बलात्कार र व्यभिचार जस्ता अपराधिक क्रियाकलापकहरू अन्त्य गर्ने सूत्र के-के हुन् ?
१३) सम्पूर्ण राष्ट्रसेवकहरुलाई कर्तब्यनिष्ट र दतचित् भई जनसेवामा लाग्ने सद्बुद्धी कसरी दिन सकिन्छ ?
१४) आर्थिक मितव्ययिता र अर्थको अनुशासित समानूपातिक परिचालन कसरी गर्न सकिन्छ ?
१५) पञ्चशीलको आधारमा देशको परराष्ट्र नीतिको पुनः मूल्यांकन गरी नयाँ सिराबाट कसरी अगाडि बढाउन सकिन्छ ?
१६) दलगतभन्दा राष्ट्रिय स्वार्थलाई प्राथमिकतामा राखी अखण्ड र अभिभाज्य राष्ट्रको सुरक्षा कसरी दिन सकिन्छ ?
१७) मुलुकलाई आत्मनिर्भर बनाउने आधारशीला के-के हुन् ?
१८) कृषितन्त्रको द्रुत विकासमा राज्यले अपनाउनुपर्ने नीतिहरू के-कस्ता हुनुपर्छ ?
१९) देशका प्राकृतिक सम्पदा (जमीन, वनजंगल, जल र खनिज खानी)आफ्नै देशको विकासको निमित्त कसरी पूर्ण प्रयोगमा ल्याउन सकिन्छ ?
२०) हामीसँग भइरहेका टेक्नोर्क्यटस (डाक्टर, इञ्जिनियर, कृषि बिशेषज्ञ, ओभरसियर, स्वास्थ्य सहायक, कृषि सहायक तथा जुनियर सिनियर नर्सहरुको क्रियाशील सहभागिता कसरी बढाउन सकिन्छ ?
२१) सञ्चारको विश्वस्तरीय गुणस्तर प्रबर्द्धन गरी यसको पहुँच सर्वसाधरण नागरिकसम्म कसरी बनाउन सकिन्छ ? गुणस्तरीय शिक्षामा सबै बालबालिकाहरूको सम पहुँच बनाई राख्न के-कस्ता नीति अवलम्बन गर्नुपर्छ ?
२२) गुणस्तरिय स्वास्थ्यलाई सबै नागरिकहरुको पहुँचमा कसरी ल्याउन सकिन्छ ?
२३) लोकतन्त्रको नाममा भित्रिएको छाडातन्त्र कसरी निर्मूल गर्न सकिन्छ ?

यिनै प्रश्नहरू प्रस्ताव स्वरुप ब्रम्हाण्डिय राज सभामा छलफलका लागि पेश गरी पारित निर्णयहरुको प्रतिलिपि पठाइदिए हामी नेपाली सबै धन्य हुने थियौं ।

*अल बिदा चक्र दाइ ! अलबिदा !*

# पर्यटन विकासको आधार प्रकृति र संस्कृति

**बाबुकाजी कार्की**



मानिस पर्यटकको रूपमा ज्ञान, अध्ययन, अनुसन्धान, मनोरञ्जन आदिका लागि संसारका विभिन्न ठाउँमा पुगिराखेका हुन्छन् । सूचना र सञ्चार प्रविधिको प्रचुर विकास र विस्तार भएको आजको युगमा ज्ञानको दायरा पनि फराकिलो हुँदै जानु स्वाभाविकै हो । आफ्नो देशमा लुकेका भौगोलिक, प्राकृतिक, सांस्कृतिक, धार्मिक लगायतका दुर्लभ तथ्य उजागर गरी कीर्तिमान कायम राख्ने होड नै चलेको छ । विविधताले भरिपूर्ण हाम्रा प्राकृतिक सांस्कृतिक र धार्मिक संरचना पर्यटकीय गतिविधिका लागि लोभ लाग्दा छन् ।

प्रकृतिलाई नजिकबाट नियालेर मज्जा लिनका लागि पदयात्रा, जलयात्रा, प्याराग्लाइडिङ, तलाउ विहार, स्काई ड्राइभिङ, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, क्यानोनिङ, साहसिक खेल जिपवायर, जंगल सफारी, गुफाको यात्रा, हिमाली यात्रा, जंगली जनावर, गाउँबस्तीको अनुपम मौलिकता पर्यटन विकासका प्राकृतिक आधार हुन् । हामीले पनि उल्लेख्य मात्रामा पर्यटक भित्र्याउने रणनीतिक व्यावहारिक योजनाको खाँचो छ । खर्चको हिसाबले पनि विश्वको सस्तो देश नेपालमा मनोरञ्जन र अध्ययनका लागि आउन र रमाउन सहज रहेको विज्ञापन सन्देश प्रवाहमा कञ्जुस्याइँ गरिनु हुन्न ।

नेपाल सांस्कृतिक, धार्मिक र प्राकृतिक विविधताको रोचक संगमस्थल हो । नेपालको सांस्कृतिक र धार्मिक विरासत शताब्दिऔं पुरानो र विश्वमा अनुपम छ । अतिथि देवो भवः संस्कार संस्कृतिमा अभ्यस्त नेपालीको जीवनस्तर उकास्न पर्यटन प्रवर्द्धन वरदान सावित हुनसक्छ ।

नेपाली समाजको सुमधुर संरचना विभिन्न जातजाति, धर्म संस्कार र संस्कृतिको अनुपम समझदारी र सहकार्यमा जीवन्त रहेको छ । यहाँको चाडपर्व, संस्कार र दिनचर्या तथा सुमधुर धार्मिक सहिष्णुता अन्य देशका लागि उदाहरणीय र अनुकरणीय हुन सक्छन् । विभिन्न जातजाति तथा समुदायको पहिचान र परिचय उनीहरूको रहनसहन, संगीत र नृत्यमा प्रकट हुन्छ । कला र शील्प, लोकगीत र वाद्यवादन, भाषा र साहित्य, दर्शन र धर्म, त्यौहार र उत्सव, खाना र पेयमा मुखरित हुन्छ । सांस्कृतिक पर्यटनलाई प्रवर्द्धन गर्न मौजुदा विशिष्ट संस्कृतिको संरक्षण र विकासमा विशेष ध्यान दिनुपर्ने हुन्छ । संस्कृति र सभ्यताको धनी सुन्दर देश नेपालबारे फितलो प्रचार प्रसारका कारण पर्यटन विकासमा आसालाग्दो उपलब्धि हासिल हुन सकेको छैन ।

वि.सं २०६८ को जनगणना अनुसार नेपालमा एक सय २१ जातजातिको बसोबास छ । त्यस्तै एक सय २३ भाषा बोलिन्छन् । अहिले तीन करोडको हाराहारीमा जनसंख्या भएको सानो भूगोलभित्र प्राकृतिक विविधता, असंख्य जातजाति र भाषा संस्कार संस्कृतिले भरिपूर्ण भएको देश विश्वमा नेपालमात्रै होला । यहाँको विविधता हेर्न अवलोकन गर्न मात्रै नभएर पूर्वीय दर्शन, संस्कार संस्कृतिको अध्ययन अनुसन्धानकर्ताका लागि पनि उत्तिकै रोजाइको क्षेत्र पर्ने सम्भावना प्रचुर छ । हाम्रो धार्मिक सांस्कृतिक र प्राकृतिक वैभवको दिगो संरक्षण र विकास गर्दै पर्यटक भित्र्याउन ठोस नीति र रणनीतिको खाँचो खट्किएको सर्वत्र महशुस गरिएको छ । हाम्रा पुर्खाले आर्जेको र प्रकृतिले दिएको वरदानको सदुपयोग गर्दै सम्पन्नतातिर लम्किन नेतृत्वमा दूरदर्शी शोच र दृढ इच्छाशक्ति आवश्यक छ । संसारमै ठूलो उद्योगको रूपमा स्थापित र विस्तारित हुँदै गएको पर्यटन उद्योग हाम्रोमा प्राथमिकतामा नपर्नु विडम्बना हो । सम्पन्नताको प्रचुर स्रोतसाधनयुक्त भूमिमा बसेर अरुको आस गर्नु भनेको सुनको कटौरामा भिख माग्नुजस्तै हो ।

संघीय सरकारले प्रस्तुत गरेको आ.व. २०७६/७७ को बजेटमा विनियोजित दुई अर्ब ६८ करोडले पर्यटन विकासका लागि पर्याप्त नभएको सरोकार पक्षको गुनासो छ । उच्च आर्थिक वृद्धि दर तथा उत्पादन र आयको वितरणलाई तत्काल टेवा पुऱ्याउने प्रतिष्पर्धी क्षेत्रको रूपमा अथाह सम्भावना बोकेको पर्यटनको विकास र विस्तारमा पर्याप्त ध्यान नपुगेको देखिन्छ । सरकारले सन २०२० लाई नेपाल भ्रमण वर्ष घोषणा गरी २० लाख पर्यटक भित्र्याउने लक्ष्य राखेको छ । तर अहिलेसम्मको प्रगतिको गति हेर्दा अधिकतम लक्ष्य प्राप्त हुनेमा विश्वस्त हुने आधार देखिँदैन । 'बोल्नेको पीठो पनि बिक्छ, नबोल्नेका चामल पनि बिक्दैन' भन्ने नेपाली भनाइ पर्यटन विकासका सरोकार निकायले आत्मसात गरेको पाइँदैन । नेपाल आउने पर्यटक संख्या अनुसार भाषा र शैलीमा राष्ट्रिय अन्तर्राष्ट्रिय सञ्चारमाध्यम मार्फत प्रचारप्रसार गर्नेतर्फ खासै ठोस योजना देखिँदैन ।

सन् २०२० मा गरिने भ्रमणको योजना पर्यटकले कम्तीमा पनि एक वर्ष अगाडि सन् २०१९ मा नै गरेका हुन्छन् । यस्ता सामान्य कुरालाई समेत मध्यनजर राखेर भ्रमण वर्षको बारेमा आक्रामक प्रचारप्रसारको छनक नदेखिएकाले आसातित उपलब्धि र सम्भावना टर्दै गएको छ । समय भड्किएपछि गरिएको प्रचारप्रसार लगनपछिको पोते सरह हुनेतर्फ सरोकार निकायका पदाधिकारीले हेक्का नराखेको महशुस हुन्छ ।

नेपाललाई आकर्षक, सुरक्षित, मनोरम र साहसिक पर्यटकीय गन्तव्यका रूपमा विश्व बजारमा स्थापित गराउने खालका आक्रामक कार्यक्रमको खाँचो खट्किएको देखिन्छ । पर्यटकीय स्थलहरूको प्रचारप्रसार, पहिचान भएका गन्तव्यहरूको पूर्वाधार निर्माणमा तीव्रता र थप नयाँ पर्यटकीय गन्तव्यहरूको पहिचान, विकास र प्रवर्द्धनका लागि प्राथमिकता दिइनुपर्ने देखिन्छ । ऐतिहासिक पर्यटकीस्थल गढी, किल्ला, दरबार आदिको महत्वको प्रचार गर्दै संरक्षण र सहज पहुँचका लागि आवश्यक व्यवस्था गरिनु पर्दछ ।

पर्वतीय पर्यटन, कृषि पर्यटन, ग्रामीण पर्यटन, जलयात्रा पर्यटन, पर्या पर्यटन, धार्मिक सांस्कृतिक पर्यटन, खेल पर्यटन, स्वास्थ्य पर्यटन जस्ता क्षेत्रलाई समेटेर एकीकृत पर्यटन विकासमा जोड दिइनु पर्दछ । बाह्यको साथसाथै आन्तरिक पर्यटन प्रवर्द्धन गर्दै पर्यटन विकासको पूर्वाधारका रूपमा लिइने बाटो, बासस्थान अन्तर्गत होटल, होमस्टे र सुरक्षित वातावरणको सुनिश्चितताले मात्रै दिगो पर्यटन विकासमा टेवा पुग्ने वास्तविकता हो । नेपालको परम्परा, लोपोन्मुख भाषा, कला र संस्कृति, रीतिरिवाज आदिको संरक्षणका लागि एक राष्ट्रिय तथा सबै प्रदेशमा प्रदेशस्तरीय सांस्कृतिक संग्रहालयको स्थापना दिगो पर्यटन विकासका लागि सकारात्मक पहल ठहरिने छ ।

कमजोर आर्थिक स्थिति भएको नेपालले आधुनिक वैभवपूर्ण संरचना निर्माण गरेर पर्यटक आकर्षण गर्ने आधार नभएता पनि प्राकृतिक मनोरम दृश्य तथा धार्मिक सांस्कृतिक संरचना र संस्कारले पर्यटन व्यवसाय फस्टाउन प्रचुर मद्दत पुग्ने जगजाहेर छ । हामी प्राकृतिक, सांस्कृतिक, धार्मिक सम्पदा र सभ्यताको धनी भएर पनि सदुपयोग गर्न नसक्नु भनेको माल पाएर चाल नपाएको टीठ लाग्दो अवस्था हो । नेपाली पोशाक, जातजाति, धर्म, पाहुना सत्कार, धार्मिक संस्कारमा विविधता, सांस्कृतिक धार्मिक सम्पदामा प्रचुरता आदि पर्यटकीय आकर्षणका क्षेत्र हुन् । युनेस्कोबाट विश्व सम्पदा सूचीमा सूचीकृत धरोहर स्तुपा, मन्दिर, गुम्बा, विहार, दरबारहरूको संरक्षण र संवर्द्धनमा समेत तदारुकता नदेखिनु दुःखद् हो ।

कुनै बेला मन्दिरै मन्दिरको सहर भनेर चिनिएको काठमाडौं उपत्यका घरहरूको अस्तव्यस्त कन्क्रिट जंगलको छायाँमा परेको छ । भूकम्पबाट प्रभावित उपत्यकाभित्रका काठमाडौं दरबार स्क्वायर, पाटन दरबार स्क्वायर, भक्तपुर दरबार स्क्वायर, स्वयम्भूनाथ, पशुपतिनाथ, बौद्धनाथ, चाँगूनारायण मन्दिरको जीर्णोद्धारमा उदासिनताका कारणले पनि सांस्कृतिक धार्मिक पर्यटनमा धक्का लागेको छ । उपत्यका बाहिर बराह क्षेत्र, हलेसी, कालिन्चोक भगवती, पाथिभरा भगवती, दोलखा भीमसेन, शैलुंग, मनकामनना, गोरखा दरबार, जनकपुर, लुम्बिनी, मुक्तिनाथ, गोसाइँकुण्ड, स्वर्गद्वारी, खप्तड आश्रम, विन्ध्यवासिनी, बराही पोखरा फेवातालगायतका ताल आदि असंख्य धार्मिक सांस्कृतिक प्राकृतिक स्थलको प्रचारप्रसार र पर्यटकमैत्री वातावरण अभावले पर्याप्त पर्यटक भित्र्याउन सकिएको छैन ।

# ज्ञानज्योति युवा क्लबको नेतृत्व चयन



अध्यक्ष, नारायण भेटवाल

**सुरुङ्गा, कात्तिक ४।** ज्ञानज्योति युवाक्लब सुरुङ्गाको नयाँ नेतृत्व चयन भएको छ ।

क्लबको आठौं साधारणसभा तथा चौथो अधिवेशनले २१ सदस्यीय कार्यसमिति सर्वसम्मत चयन गरेको हो । अध्यक्षमा युवा व्यवसायी नारायण भेटवाल चयन भएका छन् । उपाध्यक्षमा अनुप ओली, सचिवमा पारस खरेल, सहसचिवमा साजन आचार्य र कोषाध्यक्षमा सन्ध्या श्रेष्ठ रहेका छन् ।

त्यसैगरी सदस्यहरुमा गोविन्द सुवेदी, विश्वविजय खरेल, प्रकाश पाठक, गणेश चुडाल, धिरज सिटौला, नवराज सुवेदी, पुष्प संग्रौला, खेमराज शिवाकोटी, कमल कार्कीडोली, नारायण शिवाकोटी, डम्बर फुयाँल, पारस बिमली, शारदा बोगटी, श्रृजा श्रेष्ठ, निर्मला गौतम र लोचन खरेल चयन भएका छन् । नेतृत्व सर्वसम्मत चयनका लागि क्लबका संस्थापक अध्यक्ष सुनिल भेटवालको संयोजकत्वमा गठित पाँच सदस्यीय निर्वाचन मण्डलले भूमिका खेलेको थियो । अधिवेशनले कार्यक्रमको अध्यक्षता समेत गरिरहेका क्लबका अध्यक्ष नविन सेढाईद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन र कोषाध्यक्ष सन्ध्या श्रेष्ठद्वारा प्रस्तुत आर्थिक प्रतिवेदन पारित गरेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि कनकाई नगरपालिका वार्ड नम्बर ३ का वार्ड अध्यक्ष रुद्रप्रसाद चिमरिया, कनकाई खेलकुद प्रतिष्ठान (कासा) का सचिव दिनेश खतिवडा, नेपाल पत्रकार महासंघ झापा शाखाका कार्यसमिति सदस्य लीलाराज झापाली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

युवाहरुमा देखिएको विकृति र विसंगतिलाई हटाउँदै समाज सुधारको यात्रामा उनीहरुलाई डोऱ्याउने, सकारात्मक सोचका साथ युवाका परिश्रमी हातहरुलाई संगठित गर्ने र उनीहरुलाई समुन्नत समाजको निर्माणमा लाग्न रचनात्मक रुपले निश्चित दिशाबोध गराउने, युवा वर्गमा अन्तरनिहीत कलाकौशल, क्षमता तथा दक्षता प्रस्फुटन गरी उनीहरुलाई अघि बढ्न उत्प्रेरणा दिने उद्देश्यका साथ २०६७ साल चैत २५ गते उक्त युवाक्लबको स्थापना गरिएको थियो ।

# जनता आवास कार्यक्रममा ३६१ आवास निर्माण

**विराटनगर, कात्तिक ४।** जनता आवास कार्यक्रम अन्तर्गत सुनसरी, मोरङ र उदयपुर गरी तीन सय ६१ आवासको निर्माण कार्य सम्पन्न भएको छ ।

कार्यक्रम लागू हुने स्थानमा विगतदेखि स्थायीरूपमा बसोबास गरेका राष्ट्रिय दलित आयोगको सूचीमा सूचीकृत भएका दलित, विपन्न मुसलमान, लोपोन्मुख र अति सीमान्तकृत जाति वा समुदायका विपन्न वर्ग लक्षित गरी ल्याएको यो कार्यक्रमबाट लाभग्राहीमा खुशी छाएको छ । जनता आवास कार्यक्रम अन्तर्गत निर्माण सम्पन्न भएका आवासमा सुनसरीमा एक सय ६८, मोरङमा एक सय ७६ र उदयपुरमा १७ रहेका छन् ।

लाभग्राहीले सो सुविधावापत एक परिवारमा रु. तीन लाख ३२ हजार पाँच सय प्राप्त गर्ने गरेका छन् । यी तीन जिल्लामा एक हजार चार सय ४० आवास निर्माणाधीन अवस्थामा रहेको शहरी विकास तथा भवन डिभिजन कार्यालय विराटनगरले जनाएको छ । निर्माणाधीन अवस्थामा रहेका घरमा चार सय २१ परिवारले प्रथम किस्ता, चार सय १९ ले दोस्रो किस्ता र छ सयले तेस्रो किस्ता भुक्तानी लिइसकेका छन् भने अन्तिम किस्ता लिएसँगै यी आवासको पनि निर्माण कार्य सम्पन्न हुने इञ्जिनियर अन्सुकुमार गुप्ताले जानकारी दिए ।

चालू आर्थिक वर्षमा नयाँ आवासका लागि सुनसरीमा प्रदेश सरकारको तर्फबाट ६५ र संघीय सरकारबाट आठ सय १३, मोरङमा प्रदेश सरकारको तर्फबाट ८३ र संघीय सरकारको तर्फबाट एक हजार पाँच सय ३० तथा उदयपुरमा प्रदेश सरकारको तर्फबाट ४० र संघीय सरकारको तर्फबाट एक हजार एक सय १९ परिवारको घर निर्माण हुन बाँकी रहेको इञ्जिनियर गुप्ताले जानकारी दिए । उनले बाँकी रहेका घर निर्माण गर्न गएका वर्षमा अधुरा रहेका घरको निर्माणकार्य सम्पन्न गर्न संघीय सरकारबाट रु. ४६ करोड २५ लाख र प्रदेश सरकारबाट रु. सात करोड ६० लाख बजेट विनियोजन भएको बताए ।

त्यसैगरी, डिभिजन कार्यालय मार्फत निर्माण हुने उदयपुरका तीन, मोरङका छ र सुनसरीका चार प्रहरी चौकी भवन अलपत्र अवस्थामा रहेको कार्यालय प्रमुख दिगाम्वर ठाकुरले जानकारी दिए । कूल रु. ३२ करोड १० लाख लागतमा गएको वर्षमा थालिएको सो काम बजेट आइनपुगकाले निर्माणको काम अलपत्र भएको अवस्थामा एक वर्षभित्रमा निर्माण सम्पन्न गर्ने गरी ठेक्का लिएका कम्पनीहरूको दिनहुँ ताकेताले समस्या उत्पन्न भएको प्रमुख ठाकुरको भनाइ छ ।

त्यस्तै डिभिजन कार्यालयकै मातहतमा विगतदेखि रहेको विराटनगर चक्रपथ योजना पनि अलपत्र परेको छ । गएको वर्षमा पाँच योजना परेको यस चक्रपथमा अहिले कुनै पनि योजना नरहेको र चक्रपथ डिभिजन कार्यालयबाट अन्यत्र सारेको सुनिएकाले विराटनगरबासीको अत्यन्त आवश्यक रहेको चक्रपथ निर्माणमा पनि ढिलाइ भएको बताएको छ ।

# गौरादहमा आध्यात्मिक सांस्कृतिक पर्यटन महोत्सव




□ सुदिप अधिकारी


**गौरादह, कात्तिक ४।** झापाको गौरादहमा आध्यात्मिक सांस्कृतिक पर्यटन महोत्सवको तयारी गरिएको छ ।

नेपाल मानव धर्म सेवा समितिको आयोजनामा महोत्सव हुन लागेको गौरादहमा भएको पत्रकार सम्मेलनमा जानकारी दिइएको हो । छरिएर रहेका मौलिक कला, संस्कृति र परम्परा तथा रीतिरिवाजलाई संरक्षण गरौं, आन्तरिक पर्यटनमा मद्दत पुऱ्याऔं भन्ने मुख्य उद्देश्यसहित महोत्सवको आयोजना गर्न लागिएको कार्यक्रममा जानकारी दिइयो ।

बिशेष गरेर सरकारले घोषणा गरेको नेपाल भ्रमण बर्ष २०२० लाई सफल पार्नका लागि आन्तरिक पर्यटन प्रबर्द्धन गर्न यो महोत्सबले महत्वपूर्ण भूमिका खेल्ने गौरादह नगरपालिकाका प्रवक्ता नगेन्द्र भण्डारीले बताए ।

महोत्सव आगामी मंसिर ८ गतेबाट शुरु भई १६ गते समापन हुने आयोजकले पत्रकार सम्मेलन मार्फत जानकारी गराएको छ । महोत्सवलाई सभ्य र भब्य बनाउन गौरादह नगरपालिका, लायन्स क्लब अफ गौरादह, गौरादह जेसीस, गौरादह उद्योग वाणिज्य संघ लगायत छिमेकी गाउँपालिकाहरु गौरीगञ्ज, कमलभित्र रहेका सबै सामाजिक संघ-संस्थाहरुको सहयोग रहने बताइएको छ ।

# आपसी समाज सहकारीको नेतृत्व चयन



अध्यक्ष : शरद शिवाकोटी

**दुहागढी, कात्तिक ४।** आपसी समाज बचत तथा ऋण सहकारी संस्था दुहागढीको तेस्रो साधारण सभा शरद शिवाकोटीको अध्यक्षतामा नयाँ कार्य समिति चयन गर्दै सम्पन्न भएको छ ।

सर्वसम्मत रुपमा गठित समितिको उपाध्यक्ष शान्ता राउत, सचिव यमुना रिजाल र कोषाध्यक्षमा कुमार डाँगी चयन भएका छन् । संस्थाका सदस्यहरुमा फूलकुमारी राजवंशी, कमला मिश्र, हरिमाया गुरागाँई, भुपेन्द्र पौडेल, फूलमाया पोखरेल र नरमाया कडरीया चयन भएको निर्वाचन समितिका संयोजक विश्व थापाले जानकारी दिएका छन् ।

सभामा संस्थाका अध्यक्ष शरद शिवाकोटीले वार्षिक प्रतिवेदन र लेखा समितिका संयोजक मित्रलाल काफ्लेले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

कार्यक्रममा उत्कृष्ठ ऋणि हरीमाया गुरागाँई, उत्कृष्ठ वचतकर्ता उर्मिला चौधरी, बाल बचतकर्ता लक्की ढुङ्गाना र उत्कृष्ठ कर्मचारी मिना राजवंशीलाई सम्मान गरीएको थियो । उनीहरुलाई कार्यक्रमका प्रमुख अतिथि मेचीनगर- १४ का वडाध्यक्ष शंकरप्रसाद पोखरेलले नगद र सम्मान पत्र प्रदान गरेका थिए ।

यमुना रिजालले स्वागत गरेको कार्यक्रममा कृष्णकुमारी सुवेदी, डिल्लीराम भण्डारी, हरिप्रसाद घिमिरे, सुरेश बुढाथोकी लगायतले मन्तव्य राखेका थिए ।


**झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।**


दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

**छापाखाना**
बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा

## वर्गीकृत विज्ञापन

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८६२६४८२८२ ९८४२६७७८५५, ९८२४९८११७४

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२० ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

**कर्मचारी आवश्यकता**
कुक : ४ जना वेटर : ५ जना
घरमा काम गर्ने : ५ जना (महिला, फिदिम, इलाम, काठमाडौंका लागि)
साथै ७७ जिल्लामा हुने तथा सचेतनामूलक कार्यक्रमका लागि :
स्वयम्सेवक : १० जना (महिला/पुरुष)
कलाकार : १० जना (महिला/पुरुष)
साधारण लेखपढले हुनेछ । तालिमको व्यवस्था छ ।
नेपाल जब्स केयर सर्भिस प्रा.लि.
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

**आवश्यकता**
सेक्युरिटी गार्डः- ४० जना (महिला/पुरुष)
यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।
सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.
बिर्तामोड भद्रपुररोड
फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

**कर्मचारी तु-चाहियो**
चालू अवस्थाको एक रेष्टुरेण्डका लागि निम्न कर्मचारी तु-आवश्यकता ।
किचन हेल्पर : २ जना (महिला)
हेल्पर (वेटर) : २ जना
(पार्ट टाइम जब गर्ने, युवा)
तलब : आपसी समझदारीमा ।
सम्पर्क :९८०४९२९३३९

**कर्मचारी आवश्यकता**
एक प्रतिष्ठित होटलका लागि निम्न अनुसारको कर्मचारी चाहिएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।
कुक : केही वेटरः केही
प्राइड होटल फुड एण्ड लज
शान्तिपथ (नयाँबजार), मेचीनगर-६, काँकरभिट्टा, झापा
मो. ९८५२६६३२७७, ९८४२०४९४२३, +९१-७३१९०५३८१५

**कोरियन भाषा**
한국어
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री नि : शुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाँढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि बिशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotal Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

**राजगढमा चलिरहेछन् यी चलचित्रहरु**
नयाँ रिलिज चलचित्रहरु
१०:०० बजे War (हिन्दी चलचित्र)
१२:०० बजे War (हिन्दी चलचित्र)
२:३० बजे War (हिन्दी चलचित्र)
६:०० बजे War (हिन्दी चलचित्र)
८:३० बजे War (हिन्दी चलचित्र)


एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

**पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ**

| (हल ए) नेपाली सिनेमा | (हल बी) नेपाली र हिन्दी सिनेमा |
|---|---|
| पहिलो शो ११:१५ छ माया छपक्कै | पहिलो शो ११:३० War |
| दोस्रो शो २:०० छ माया छपक्कै | दोस्रो शो २:०० War |
| तेस्रो शो ४:४५ छ माया छपक्कै | तेस्रो शो ४:३० War |
| नाइट शो ७:३० छ माया छपक्कै | नाइट शो ७:३० War |

बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वत: क्यान्सिल हुनेछ ।
फोन नं. ०२३-५४६४३६

**बिना अपरेशन सफल उपचार**
दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।

बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

**कन्काई हस्पिटल प्रा. लि.** बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुचमा हाम्रो स्वास्थ्य सेवा'

डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन, विरफार विशेषज्ञ तथा इन्डोस्कोपिष्ट दैनिक सेवा
डा.रोशन अटल — वरिष्ठ हाडजोर्नी,नशा,बाथरोग विशेषज्ञ तथा ट्रमा सर्जन दैनिक सेवा
डा.पुष्पेन्द्र लिम्बु — वरिष्ठ एनेस्थेसियोलोजिष्ट तथा क्रिटिकल केयर विशेषज्ञ दैनिक सेवा
डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर — नवजात शिशु तथा बाल रोग विशेषज्ञ दैनिक सेवा
डा.मो.अक्तर अली — वरिष्ठ रेडियोलोजिष्ट तथा इमेजिङ्ग विशेषज्ञ दैनिक सेवा
डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NAMS) — वरिष्ठ लिभर (कलेजो, पेट, ग्यास्ट्रिक, अल्सर, जण्डिस, हेपाटाइटिस रोग विशेषज्ञ (विर अस्पताल काठमाण्डौबाट आउँदै हुनुहुन्छ।)
डा. मुक्ति आचार्य — MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य — वरिष्ठ नाक,कान,घाटी रोग विशेषज्ञ प्रत्येक बिहिवार
डा.सि.वि झा — वरिष्ठ छाला यौन तथा सौन्दर्य रोग विशेषज्ञ प्रत्येक दिन ३:०० बजे पछी ।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनिको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

जानकारी तथा नाम दर्ताको लागि ०२३-५४३८०७,५४३८९८,५४००७८ ९८११३३५६२४
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।




ज्यो. मधुसुदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** राम्रो कर्मफल प्राप्त हुनाले मन प्रसन्न रहनेछ । सामाजिक नेतृत्व हातलागी हुने सम्भावना छ । व्यापारमा पनि राम्रै फाइदा उठाउन सकिनेछ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** प्रतिष्ठित काम गर्ने अवसर मिल्नेछ । मेहनतले जीवनशैलीमा परिवर्तन, कीर्तिमानी दिलाउन सक्छ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** विशिष्ट व्यक्तिको सहयोग जुट्नेछ । महत्वकांक्षाले केही समस्या पनि निम्त्याउन सक्छ, सजग रहनुहोला ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** अवसरसँगै चुनौति समेत देखा पर्ने छन् । सहयोगको नाममा आफ्ना कमजोरीको फाइदा उठाउनेहरू प्रशस्तै फेला पर्ने छन् ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** होसियारी साथ काममा जुट्नुहोला । शुभचिन्तकहरूले भने राम्रै सहयोग जुटाउने छन् । सामाजिक कामको जिम्मेवारी बढ्नेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** फाइदाका स्रोत पहिचान गर्न सकिनेछ । अध्यात्मभाव जागृत हने, धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -** सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ । तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला । परिवन्धले चुनौति निम्त्याउन सक्छ ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** ठूलो भागको आशा राख्दा भएको वस्तु समेत गुम्न सक्छ । अरूका विषयमा चासो लिंदा व्यर्थैमा झमेला व्यहोर्नुपर्ला ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** स्वास्थ्यका लागि व्यायाम तथा आहारविहारमा ध्यान पुऱ्याउनुहोला । तत्काल फाइदा नभए पनि स्रोत पहिचान गर्न सकिनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** घुमफिर तथा मनोरञ्जनको समय छ । तर, लोकाचारका लागि अनावश्यक वस्तुका पछि दौडनुपर्ला ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** सामान्य कामलाई सञ्चित रकम खर्चनुपर्ने हुन सक्छ । आजको यात्रा र आतिथ्य खर्चिलो बन्नेछ । वचन पूरा गर्न नसक्दा आलोचित भइनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** परिस्थिति र सम्बन्ध अनुकूल बनाइराख्न व्यवहारमा सजग रहनुपर्ला । हडबडीले घर-व्यवहारमा केही समस्या निम्त्याउनेछ ।

# सेनाको एक जवान एक बिरुवा रोपण अभियान





□ तुलसीप्रसाद निरौला

**बिर्तामोड, कात्तिक ४।** शान्ति सुरक्षा कायम राख्न विश्वमै अब्बल मानिएको नेपाली सेना पछिल्लो समय वातावरण संरक्षणमा समेत सक्रिय भएको छ।

नेपाल सरकारको एक नेपाली एक फलफूलको बिरुवा रोपण अभियानलाई साकार रुप दिनका लागि नेपाली सेनाले पनि एक जवान एक बिरुवा (फलफूलको बोट) रोपण अभियान लागू गरेर वातावरण संरक्षणमा सक्रिय भएको हो ।

सोही अभियान बमोजिम गत असार १३ गते प्रधान सेनापति महारथी पूर्णचन्द्र थापाले जंगीअड्डा हाताभित्र विभिन्न जातका फलफूलका बिरुवाहरु रोपेर बिरुवा रोपण अभियानको शुभारम्भ गरेका थिए । प्रधान सेनापति कमाण्ड मार्ग निर्देशन-२०७५ को लक्ष्य अनुसार गो ग्रीन क्याम्पियन अभियान अन्तर्गत विभिन्न जातका फलफूलका बिरुवा रोपण कार्यक्रम सञ्चालन गरिएको सैनिक जनसम्पर्क निर्देशनालयले जनाएको छ ।

यसैक्रममा झापाको कमल गाउँपालिकामा रहेको सेनाको २१ नम्बर बाहिनी परिसरमा वृक्षरोपण गरिएको छ । प्रधान सेनापति कमाण्ड मार्ग निर्देशन-२०७५ को लक्ष्य अनुसार सेनाको २१ नम्बर बाहिनीको संयोजनमा 'एक सैनिक एक फलफूलको बिरुवा' अभियान अन्तर्गत विभिन्न जातको फलफूलको बिरुवा बाहिनी परिसरमा रोपिएको हो । बृक्षरोपण कार्यक्रमको उद्घाटन प्रधान सेनापति महारथी पूर्णचन्द्र थापाले गरेका थिए ।

बाहिनी परिसरमा एक हजार चार सय आँप, आठ सय लिची, सात सय रुख कटहर, एक सय नरिवल, एक हजार पाँच सय सुपारी, एक सय एभोकाडो, पाँच सय केरालगायतका बिरुवा रोपिएको २१ नम्बर बाहिनी पति डा. आशबहादुर तामाङ (पीएचडी)ले जानकारी दिए । एक हजार बिरुवा डिभिजन वन कार्यालय झापाले प्रदान गरेको र बाँकी बाहिनीले नै खरिद गरेर रोपण गरिएको उनले बताए ।

प्रदेश नम्बर १ का उद्योग पर्यटन वन तथा वातावरण मन्त्री जगदीश कुसियत, रक्षा मन्त्रालयका सचिव रेशमराज पाण्डे, पूर्वी पृतनापति उपरथी अनन्त कार्की, प्रमुख जिल्ला अधिकारी उदयबहादुर राना मगर, जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी उपरीक्षक दिनेशराज मैनाली, कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्ले लगायत स्थानीयबासी समेतले बिरुवा रोपेका थिए ।

कार्यक्रममा प्रदेश नम्बर १ का उद्योग पर्यटन वन तथा वातावरण मन्त्री जगदीश कुसियतले सरकारले प्रदेश नम्बर १ मा ४० लाख फलफूलसहित विभिन्न जातजातिका बिरुवा रोपण गर्ने कार्यक्रम रहेको बताए । उनले नेपाली सेनाले बिरुवा रोपण कार्यक्रम गरेर वातावरण संरक्षणमा मद्दत पुऱ्याएको बताए ।

यसैबीच नेपाली सेना र पूर्वी पृतनाको पहल तथा कोशिटप्पु वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ शत्रुभञ्जन गुल्मको संयोजनमा श्रीपुर हरिपुरमध्यपूर्वी क्षेत्रमा बृक्षरोपण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा प्रदेश नम्बर १ का उद्योग पर्यटन वन तथा वातावरण मन्त्री जगदीश कुसियत, प्रधान सेनापति महारथी पूर्णचन्द्र थापा, पूर्वी पृतनापति उपरथी अनन्त कार्की लगायत पाँच सय जनाभन्दा वढीको सहभागितामा विभिन्न जातका फलफूल तथा अन्य विरुवाहरु गरी करिब सात हजार पाँच सय वटा र श्रीलंका टप्पु क्षेत्रमा छ हजार वटा गरी करिब १३ हजार पाँच सय बिरुवा रोपिएको हो ।

मध्यवर्ती इलाकास्थित १३ विगाहमध्ये ११ विगाह क्षेत्रमा विभिन्न सात प्रजातिका फलफूल र दुई विगाह क्षेत्रमा अन्य आयमूलक जातका बिरुवाहरु रोप्ने गरी सञ्चालित बृक्षरोपण कार्यक्रममा आँप, कटहर, अम्वा, कागती, बेल, गुलमोहर, जात लगायतका बिरुवाहरु रोपिएको बताइएको छ । नेपाली सेनाले सञ्चालन गरेको गो ग्रीन क्याम्पियन अभियान अन्तर्गत सञ्चालित उक्त कार्यक्रमहरु उपलब्धिमूलक र परिणामुखी हुने विश्वास लिइएको प्रधान सेनापति महारथी पूर्णचन्द्र थापाले बताए ।

# प्रक्रिया सरल भएपछि वन क्षेत्रको प्रयोग बढ्दै

**झापा, कात्तिक ४।** कुनै बेला विकास आयोजनाले आफ्नो कामको शुरुवाती चरणमा हुने कामको ढिलाइमा वन तथा वातावरण मन्त्रालय माथि दोष थोपार्ने गरेका थिए ।

सोही विषयलाई मध्यनजर गरी मन्त्रालयले हालै 'राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्डसहितको कार्यविधि-२०७६' स्वीकृत गरी वन क्षेत्र प्रयोगको प्रक्रियालाई सरलीकृत गरेको छ। सो कार्यविधि स्वीकृतपश्चात् विकास आयोजनाले आवश्यक मापदण्ड पूरा गरेर सहजै र सरलरुपमा वन क्षेत्रको जग्गा अन्य प्रयोजनमा प्रयोग गर्नेक्रम बढेको छ ।

चालू आर्थिक वर्षको तीन महिनामा मात्र मन्त्रालयले विभिन्न १५ योजनाका लागि एक सय ३८ हेक्टर वन क्षेत्र उपलब्ध गराएको मन्त्रालयले जनाएको छ । गत आवमा मन्त्रालयले विभिन्न राष्ट्रिय प्राथमिकता प्राप्त ६४ योजनाका लागि पाँच सय ७७ हेक्टर वन क्षेत्र उपलब्ध गराएको मन्त्रालयको वन तथा जलाधार महाशाखाका प्रमुख डा. राजेन्द्र केसीले जानकारी दिए ।

सरकारले यसअघि आ.व. २०४२/०४३ देखि २०७४/०७५ सम्म पाँच सय १६ विभिन्न निकायलाई अन्य प्रयोजनका लागि १६ हजार सात सय १६ हेक्टर वन क्षेत्र उपलब्ध गराइसकेको छ । मन्त्रालयले ती निकायलाई फरक-फरक १२ प्रयोजनका लागि सरकारी वन क्षेत्रको उक्त जग्गा प्रयोग गर्न दिएको हो । सबैभन्दा बढी जलविद्युत् र विद्युत् प्रसारण लाइनको क्षेत्रमा एक सय ६४, सरकारी कार्यालय ९२, सुरक्षा निकायलाई ६७, भौतिक पूर्वाधारलाई ५७ र सामाजिक सेवाका लागि ३८ आयोजनालाई जग्गा दिइएको मन्त्रालयको तथ्यांक छ ।

मन्त्रालयले विशेषगरी पर्या-पर्यटन, वन विकास, जलविद्युत्, विद्युत् प्रसारण, जडीबुटी उद्योग, सरकारी कार्यालय, आयोजना, परियोजना, भौतिक पूर्वाधार, वन्यजन्तु फार्म, सिमेन्ट र चुनढुङ्गा उद्योग, मुक्त कमैया र सुकुम्बासी बस्ती स्थानान्तरण, सञ्चार, सुरक्षा निकाय, सामाजिक सेवा र अन्य प्रयोजनका लागि सरकारी वन क्षेत्र प्रयोग गर्न दिँदै आएको छ ।

सरकारी वन क्षेत्रमध्ये वन विकास (वृक्षरोपण, रबर खेती) मा चार हजार छ सय ९० हेक्टर, बसोबास प्रयोजनका लागि दुई हजार आठ सय १९ हेक्टर, सुरक्षा निकायलाई एक हजार सात सय २६ हेक्टर, भौतिक पूर्वाधारमा (सडक, नहर) एक हजार छ सय ८९ हेक्टर र जलविद्युत् निर्माणमा एक हजार तीन सय २८ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिइएको मन्त्रालयको तथ्यांक छ ।

सामाजिक सेवा (अस्पताल, विद्यालय, कलेज)मा आठ सय ८१ हेक्टर, सरकारी कार्यालय प्रयोजनका लागि छ सय ७८ हेक्टर, सिमेन्ट र चुनढुङ्गा उद्योग प्रयोजनका लागि तीन सय ९८ हेक्टर, पर्या-पर्यटनमा दुई सय १४ हेक्टर, जडीबुटी उद्योगमा ५८ हेक्टर, वन्यजन्तु पालनका लागि ११ हेक्टर र सञ्चार उद्योग (दूरसञ्चार कम्पनी) प्रयोजनार्थ छ हेक्टर वन क्षेत्र प्रयोग गर्न दिइएको हो ।

मन्त्रालयका अनुसार वन क्षेत्र अन्य प्रयोजनका लागि औपचारिकरुपमा सर्वप्रथम मन्त्रिपरिषद्बाट वि.सं. २०४२ साउन २८ गते काठमाडौँमा अवस्थित तत्कालीन सेतीदेवी गाविस-९ हात्तीवनस्थित राष्ट्रिय वन क्षेत्रको ३० रोपनी जग्गा होटल स्थापना गर्न हिमालय हाइट रिसोर्ट प्रालिलाई प्रयोग गर्न दिइएको थियो ।

त्यसअघि विभिन्न निकायले सिधै मन्त्रिपरिषद्मा प्रस्ताव पेश गरी वन क्षेत्रको जग्गा प्रयोग गर्ने गरेको देखिन्छ । सो सम्बन्धमा हाल वन ऐन, वन नियमावली, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, वातावरण संरक्षण ऐन, वातावरण संरक्षण नियमावली र राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७६ लगायत कानून रहेका छन् ।

कार्यविधिले राष्ट्रिय प्राथमिकता प्राप्त योजनाका लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी प्रावधानलाई थप व्यवस्थित र सरल बनाएको छ । कार्यविधिमा त्यस्ता योजनाको स्थायी संरचनाले ओगटेको जग्गाको क्षेत्रफल बराबरको जग्गा सट्टा भर्ना स्वरुप उपलब्ध गराउनुपर्छ । कार्यविधिले वन क्षेत्र प्रयोग गरेबापतको जग्गा सट्टा भर्ना उपलब्ध गराउन नसक्ने अवस्थामा रकम उपलब्ध गराउने र त्यसको मापदण्ड समेत व्यवस्था गरेको महाशाखाका प्रमुख केसीले जानकारी दिए ।

वन पैदावार व्यस्थापन तथा एक रुख कटान गरिएमा २५ बिरुवा वृक्षरोपण गर्नुपर्ने प्रावधानलाई पछिल्लो कार्यविधिले एक रुख बराबर १० बिरुवा वृक्षरोपण गर्नुपर्ने व्यवस्था गरेको छ। वृक्षरोपण गरिएका बिरुवालाई पाँच वर्षसम्म स्याहार गरी हस्तान्तरण गर्नुपर्ने कार्यविधिमा उल्लेख छ ।

राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको मापदण्डका सम्बन्धमा यसअघि राष्ट्रिय योजना आयोगले पत्र लेखेर नै तोक्ने गरेकामा गत वर्षदेखि भने आयोगले त्यसको मापदण्ड बनाएको छ । प्रारम्भिक वातावरणीय परीक्षण, वातावरणीय प्रभाव मूल्यांकन, विस्तृत परियोजना प्रतिवेदन तयार गरेको, लगानीको स्रोत सुनिश्चित भएको लगायत प्रावधानसहित सम्बन्धित मन्त्रालयले राष्ट्रिय प्राथमिकता प्राप्त योजना तोक्नुपर्ने मापदण्ड रहेको मन्त्रालयले जनाएको छ ।

कार्यविधिले कुनै योजनालाई राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिएबापत प्राप्त गर्ने रकम निर्धारण गर्ने सम्बन्धमा प्रत्येक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा सम्बन्धित मालपोत कार्यालयको प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालयको प्रमुख, स्थानीय तहको सम्बन्धित वडाध्यक्ष, योजनाको आधिकारिक प्रतिनिधि र डिभिजनल वन अधिकृत सदस्य-सचिव रहेको रकम निर्धारण जिल्ला समिति गठनको व्यवस्था गरेको छ ।

# ढुंगानालाई नेविसंघ अध्यक्ष बनाइँदै



**झापा, कात्तिक ४।** नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल विद्यार्थी संघको तदर्थ समिति यसै साताभित्र टुंगो लगाउने कांग्रेस सभापति शेरबहादुर देउवाले तयारी गरेका छन् ।

शीर्ष तहका नेताको बैठक बोलाएर संघको अध्यक्षमा राजीव ढुगांनाको नाम अघि सारेका देउवाले बिहीबारअघि नै ढुंगानालाई अध्यक्ष बनाउने बताइएको छ। वरिष्ठ नेता रामचन्द्र पौडेलले ११औं महाधिवेशनमा अध्यक्षमा पराजित उम्मेदवार मनोजमणि आचार्यलाई अध्यक्षको जिम्मेवारी प्रदान गर्न माग गरेका छन् ।

त्यस्तै नेता कृष्णप्रसाद सिटौला समूहले ३२ वर्ष उमेर माथिको अध्यक्ष भए समानान्तर कार्यसमिति बनाउने चेतावनी दिएको छ । पूर्व महामन्त्री कुन्दनराज काफ्लेले भने- '३२ वर्ष माथिको कार्यसमिति मान्य हुँदैन । उमेर हद कायम नगरे नेविसंघमा समानान्तर कार्यसमिति बन्छ ।' तदर्थ समितिमा आफू नबस्ने उनले बताए ।

पार्टी सभापति देउवाले संघको अध्यक्षमा अघि सारेका ढुंगानाले बिहीबारसम्म टुंगो लाग्ने जानकारी पाएको बताए । पार्टी महामन्त्री डा. प्रकाशशरण महतले वरिष्ठ पौडेल पक्षकै कारण नेविसंघको तदर्थ समिति नबनेको आरोप लगाए ।

नेता पौडेल पक्षका विद्यार्थी नेता मनोजमणि आचार्यले शीर्ष तहका नेताबीच भएको सहमति स्वीकार्ने बताए । उनले भने- 'असहमतिका बीच ढुंगानालाई अध्यक्ष बनाए हामी पनि नयाँ रणनीति तय गर्छौं ।'

# पूर्व प्रहरीकै घरमा नक्कली नोटको कारखाना

**झापा, कात्तिक ४।** प्रहरीले काठमाडौंको गोकर्णेश्वर नगरपालिकास्थित नयाँबस्तीबाट नक्कली रुपैयाँ छाप्ने तीन जनालाई नियन्त्रणमा लिएको छ । उनीहरुले विपुल चोक नजिकै रहेको रोशन दवाडीको घरको दोस्रो तलामा कोठा भाडामा लिई नक्कली नोटको कारोबार गरेको खुलेको हो । उनीहरुले नक्कली नोटको कारोबार गर्न भाडा लिएको घर नेपाल प्रहरीका पूर्व इन्स्पेक्टरको भएको खुलेको छ ।

करिब सात महिना अगाडि उनीहरुले घर भाडामा लिएका थिए । भाडामा लिएपछि उनीहरुले नोट छाप्न प्रयोग गरिने सामाग्री खरिद गरेर ल्याएको र नक्कली नोट छाप्ने काम शुरु गरेको देखिएको छ । 'दशैं अगाडिदेखि नै नक्कली नोटको धन्दा गरेको पाइयो । बजारमा उनीहरुले केही रुपैयाँ लगिसकेको खुलेको छ' -महानगरीय प्रहरी वृत्त बौद्धका डिएसपी रमेश सिंहले भने ।

प्रहरीले दोलखा मेलुङ गाउँपालिकाका राजन परियार, सन्तोष नेपाली र महेन्द्र नेपालीलाई नियन्त्रणमा लिएको हो । कोठा भाडामा लिएर बसे पनि उनीहरुको गतिविधि शंकास्पद भएपछि घरधनीले प्रहरीलाई सूचना दिएका थिए ।

नेपाल प्रहरीको विषेश ब्युरो र महानगरीय प्रहरी वृत्तले गोप्यरुपमा अप्रेसन गरेको थियो । उनीहरुको साथबाट प्रहरीले एक हजारको ३४ वटा नक्कली नोट, नोट बनाउन तयार पारिएको करिब दुई सय ९० वटा कागज, रंगीन फोटोकपी मेसिनसहित अन्य सामग्री बरामद गरेको छ । प्रहरीको प्रारम्भिक बयानमा उनीहरुले अहिलेसम्म ६० हजार रुपैयाँ बराबरको नक्कली नोट बजारमा पुऱ्याइसकेको बताएका छन् ।

**रिचार्ज कार्डमा साट्थे नक्कली नोट**

उनीहरुले दशैं अगाडि नै नक्कली नोटको कारोबार गरेको खुलेको छ । दशैंको मौका छोपी उनीहरुले बजारमा नक्कली नोटको कारोबार गरेको देखिएको हो । उनीहरु आफैं नै नक्कली नोट लिएर जाने गरेको खुलेको छ । भीडभाड हुने र व्यस्त हुने स्थानमा आफूसँग भएको नोट दिएर उनीहरुले सामग्री खरिद गर्ने गरेका थिए ।



उनीहरुले धेरैजसो नोट रिचार्ज कार्ड खरिद गर्न साटेको खुलेको हो । हजार रुपैयाँको नोट दिएर एक सयको रिचार्ज खरिद गर्ने गरेको खुल्न आएको डिएसपी सिंहले बताए । 'रिचार्ज कार्डमा किनेर रकम साटिएको भेटिएको छ । त्यसैले नोटको कारोबार गर्दा ध्यान दिनुहोला' -डिएसपी सिंहले सर्वसाधारणसँग नक्कली नोटबारे सावधान गर्दै अनुरोध गरे ।

'प्रहरीले मुलुकी ऐनको महल ६ मा रहेको खोटा चलन अनुसारको कसुरमा अनुसन्धान गर्न जिल्ला अदालत काठमाडौँबाट म्याद थप गरी उनीहरुविरुद्ध अनुसन्धान गर्छ । अदालतमा दोषी प्रमाणित भए उनीहरुलाई ऐन अनुसार बिगो बमोजिमको जरिवानासहित बढीमा १० वर्षसम्म जेल सजाय हुन सक्छ ।'- उनले भने ।

# हुण्डी कारोवार गर्ने एक जना पक्राउ




**मोरङ, कात्तिक ४।** मोरङको विराटनगर महानगरपालिका-७ भाटभटेनीस्थित एक्सेल बैंक अगाडिबाट अबैध हुण्डी कारोबार गर्ने एक जनालाई प्रहरीले नियन्त्रणमा लिएको छ ।

बिशेष सूचनाको आधारमा खटिएको जिल्ला प्रहरी कार्यालय मोरङको प्रहरीको टोलीले विराटनगर महानगरपालिका-१५ बस्ने ४९ बर्षीय बिनोदप्रसाद साहलाई नेपाली सात लाख अठार हजार आठ सय साठी रुपैयाँसहित नियन्त्रणमा लिएको थियो । पक्राउ परेका उनी उपर थप अनुसन्धान कार्य भइरहेको उक्त कार्यालयले जनाएको छ ।


## होटल तु-बिक्रीमा

बिर्तामोडस्थित बी एण्ड सी हस्पिटल अगाडि अति चालू अवस्थामा रहेको म:म: हाउस तथा सेकुवा कर्नर बिक्रीमा छ ।

**सम्पर्क. ९८१४९९७८८७**

## सुरक्षाको लागि सेवा करारमा लिने बारेको सूचनाको मिति सच्याइएको सम्बन्धमा

यस कार्यालयबाट सुरक्षाको लागि सेवा करारमा लिने बारेको पूर्वाञ्चल दैनिक पत्रिकामा प्रकाशित सूचनामा प्रथम पटक प्रकाशित मिति २०७६/०६/३० उल्लेख हुनुपर्नेम भुवबस अन्यथा हुन गएकोल उक्त मिति सच्याइएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराइएको छ ।

आन्तरिक राजश्व कार्यालय, भद्रपुर, झापा

## कम्पनीको नाम परिवर्तन गरिएको सूचना

कम्पनीको रजिस्टर कार्यालय च. नं. १४२४८ को पत्र अनुसार त्यस कम्पनीको मिति २०७६/०६/०९ को एकल शेयरधनीको विशेष बैठकको निर्णयानुसार साविक कम्पनी (सिटौला आयात एण्ड सप्लायर्स प्रा.लि.) को नाममा रहेको सम्पूर्ण चल–अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोरा शर्तमा त्यस कम्पनीको नाम परिवर्तन गरी जंगल इन प्रा.लि. कायम गर्न मिति २०७६/०६/१२ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ ।

सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## बिर्तामोड नगरपालिकाको अनुरोध

१) चाडबाडको समयमा हुनसक्ने घटनाबारे बेलैमा सचेत बनौं । घरबाहिर निस्कँदा राम्रोसँग तालाचाबी लगाएर मात्र निस्कौं । टोल समाजमा हुनसक्ने सम्भाबित बिपत्तिबारे बेलैमा सचेतनता अपनाऔं । कुनै घटना, दुर्घटना भएमा बेलैमा प्रहरीमा खबर गरौं ।
२) चाडबाडको बेला खानपिनमा बिशेष ध्यान दिऔं । आफ्नो स्वास्थ्य र सुरक्षा प्रति सजगता अपनाऔं ।
३) बजार क्षेत्रको सुन्दरताको ख्याल गरौं । जथाभावी फोहर मैला नगरौं । फोहर मैलाको बर्गिकरण गरेर नगरपालिका फोहर उठाउन आउने गाडीको जिम्मा लगाऔं । जथाभावी फोहर नफ्यालौं ।
४) खाद्य सामग्रीको खरिद बिक्रीमा बिशेषरुपमा सजग बनौं । बस्तुको बास्तबिक मूल्यमा खरिद बिक्री गरौं । मूल्य सूची राखौं । बस्तुको खरिद गर्दा मूल्य सूची हेरेर खरिद गर्ने प्रचलन चलाऔं । जथाभावी गरेर बढी मूल्य लिएको पाइएमा अथवा अखाद्य बस्तुको बिक्री भइरहेको पाइएमा प्रहरी, प्रशासनमा खबर गरौं ।

## UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनी : TAFAWUQ FACILITIES MANAGEMENT LLC, DUBAI

पूर्व स्वीकृत मिति: २०७५/११/१४ पुन स्वीकृत मिति: २०७६/०६/२९ पत्र संख्या: [illegible] पुन पत्र संख्या: [illegible] LT. No.: 217881

| क्र.सं. | कामदारको पद | पुरुष | महिला | [illegible] | AED | ने.रु. | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] | [illegible] |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Female Cleaner | 0 | 25 | [illegible] | 1500 | ८६,७८० | कम्पनी अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी अनुसार | छ | | २ वर्ष |
| २. | Cleaner | 121 | 0 | | 800 | २४,९३० | | | | | | | |
| ३. | Maintanance Mechanic Assistant | 50 | 0 | | 1200 | ३७,३९० | | | | | | | |

प्रि–अन्तर्वार्ता धमाधम भैरहेको छ । फाइनल अन्तर्वार्ता कम्पनीको प्रतिनिधिबाट

होटल होलिडे होम बिर्तामोड झापामा कात्तिक ७ गते (24 Oct. 2019) मा बाजेको सेकुवा, पोखरा, कास्कीमा कात्तिक ८ गते (25 Oct. 2019) मा हुनेछ ।

कामदारले तिर्ने | कामदार आफैले | रोजगारदाताले तिर्ने | कामदार आफैले | नि:शुल्क

FUTURE SKILLS

श्रम इजाजत नं. [illegible]

**Future Skills H.R. Consultancy Pvt.Ltd.**

Chyawal marga, Bahity, Kathmandu, Tel : 4038040, 4289728

Mob.: 9801074705 9802078705, 9801458705, 9801074705 9844662379, 9824097532

Website: www.futureskills.com.np



लक्ष्मी उप्रेती

# पर्यटकीय क्षेत्रका रूपमा विकास हुँदै हिलेधाप

झापाको मेचीनगर-१ साविक बाहुनडाँगी-९ मा रहेको हिलेधाप सिमसार क्षेत्र अहिले पर्यटकीय क्षेत्रका रुपमा विकास हुँदै गएको छ । मेचीनगर-६ काँकरभिट्टाबाट १५ किलोमिटर उत्तरमा पर्ने सो पर्यटकीय एवम् सिमसार क्षेत्र पुग्नका लागि साना तथा ठूला सबैखाले सवारीसाधन सहजरुपमै प्रयोग गर्न सकिन्छ । त्यही भएर पनि धेरै मानिस त्यहाँ पुग्ने गर्दछन् । त्यस ठाउँमा करिब पाँच विगाह क्षेत्रफलमा फैलिएका तीनवटा माछापोखरी समेत भएकाले यो क्षेत्र आन्तरिक एवम् बाह्य पर्यटकको रोजाइमा परेको हो ।

यस क्षेत्रमा विभिन्न जातका माछापालन भएकाले साथै रिसोर्ट समेत सञ्चालनको तयारीमा समेत रहेकाले पनि धेरै पर्यटकको मन तान्ने गरेको छ । यहाँको सौन्दर्यमा तथा चारैतिरको हरियालीमा रमाउन आउने पर्यटकहरु आफ्नो माछापालन केन्द्रमा समेत आउने गरेको सञ्चालक मञ्जिल देवानले बताए । उनले आगामी दिनमा आफ्नो व्यवसाय समेत फष्टाउने विश्वास व्यक्त गरे । अहिले दैनिकजसो १० देखि १५ जना मानिसहरु यहाँ आउने गरेको सञ्चालक देवानको भनाई छ । जसले गर्दा यहाँको पर्यटन व्यवसायलाई मद्दत पुगेको छ ।

काँकरभिट्टाबाट शुरु भएको यात्रा कालोपत्रे सडक हुँदै अघि बढ्छ । मेचीनगरको-४ र १ नम्बर वडासीमासम्म कालोपत्रे छ । त्यसपछि थोरै ग्राभेल सडक छिचोल्नु पर्ने भए पनि बाटो सहज छ । करिब पाँच विगाह क्षेत्रफलमा फैलिएको त्यसक्षेत्रमा रहेका तीनवटा माछापोखरीले धेरैको मन तान्ने गरेको छ । त्यही पोखरीका कारण आन्तरिक एवम् बाह्य पर्यटकहरुका लागि हिलेधाप सिमसारक्षेत्र आर्कषक गन्तव्य बनेको हो । यो क्षेत्र प्राकृतिक रुपमा रमणीय भएकाले सबैतिरको सौन्दर्य समेत अवलोकन गर्न पाइने भएकाले पर्यटकको रोजाइमा परेको मेची उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष एवम् युवा उद्यमी विजय डालमिया बताउँछन् । यस ठाउँमा पर्यटक ल्याउन सकेमात्र आसपासका गाउँमा उत्पादन भएका कृषि वस्तु खपतको खपत बढ्ने उनले बताए ।

जंगली हात्तीको आतंकबाट पीडित साविक बाहुनडाँगीबासीहरुले अहिले थोरै भए पनि राहतको अनुभूति गरेका छन् । बाहुनडाँगी भन्ने बित्तिकै जंगली हात्ती लाग्ने ठाउँबाट चिनिने गरेको यो ठाउँले अहिले आफूलाई धार्मिक एवम् पर्यटकीय स्थलका नामले आफ्नो परिचय बनाउँदै र चिनाउँदै गएको छ । किसानले लगाएको धान, मकै गहुँ, कोदो लगायत चियाखेती समेत हात्तीले खाएर कुल्चिएर नष्ट गरेपछि अहिले हिले धाप सिमसार क्षेत्र रहेको सो जग्गा लामो समयदेखि बाझो थियो ।

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. को कृषि परियोजनाका जागिरे मञ्जिलले संस्थाले आफूलाई दिएको राम्रै सेवासुविधा छाडेर स्थानीय हेमलाल भारती र रुद्र भारतीको नाममा रहेको सो जग्गा २५ वर्षका लागि लिजमा लिएर पोखरी खनेर माछापालन मात्र गरेनन् राम्रो पर्यटकीय क्षेत्रका रुपमा समेत अघि बढाए । जुन ठाउँ अहिले बल्छी खेल्न रुची राख्ने पर्यटकको रोजाइमा परेको छ । २५ देखि ३५ लाखसम्म खर्च गरेर देवानले सो ठाउँमा तीन वटा पोखरी खनेका छन् । एउटा एक विगाह जमिनमा छ भने अरु आठ कट्ठा तथा तीन कट्ठा क्षेत्रफमा फैलिएका छन् ।

पोखरीमा ग्रास, कमन, सिल्भर, रौ, नैनी, कत्ला जातका माछा हालिएको छ । माछाको भुरा हालेको छ महिनामा एक केजी तौलको हुने गरेको सञ्चालक देवानको भनाई छ । त्यहाँ जाने अधिकांश मानिस बल्छीको आनन्द लिन पुग्ने गरेका छन् । पोखरीमा बल्छी थाप्ने जुन माछा पर्छ त्यही माछा उपभोग गर्न पाउने छन् । बल्छी खेल्दा मानिसले समेत आनन्द अनुभूति गर्ने गर्दछन् । सोही ठाउँमा सुविधासम्पन्न भान्साघर निर्माणको योजनामा रहेका देवानले अहिले अस्थायीरुपमा भान्सा कोठाको व्यवस्था गरेका छन् । माछा किनेर घरमा लिएर जाने भए प्रतिकेजी तीन सय ५० तथा त्यही पकाएर खाने भए प्रतिकेजी पाँच सय रुपैयाँको दर पर्छ ।

अहिलेसम्म यहाँ उत्पादन भएका माछा यही नै खपत हुने गरेको उनको भनाई छ । धेरैले बल्छी खेल्दै माछा पार्दै यही पकाएर खाने गरेको देवान बताउँछन् । तत्कालै 'फिस थेराप'को व्यवस्था गर्न लागिएको छ । मानिस पोखरीमा सुत्ने र माछाले शरीरका विभिन्न भागमा टोके झैं गरी मानिसलाई थेरापी गर्नेछ । जसले गर्दा मानिसले समेत आनन्द लिन सक्ने देवानको भनाई छ । जुन माछालाई 'डाक्टर फिस' भन्ने गरिएको देवानको भनाई छ । शहरको धुलो धुँवा लगायतका प्रदुषण तथा तनावबाट मुक्त हुन पनि धेरै मानिस यहाँ आउने गरेको उनको भनाई छ ।

यहाँबाट धेरै राम्रा राम्रा 'साइड सिन' पनि हेर्न पाइन्छ । नजिकै रहेको झापाको सीमावर्ती इलाम जिल्लाको रोङ गाउँपालिकाको सलकपुर तथा पश्चिम बंगालको दार्जिलिङ, मिरिक, सौरेनी खर्साङ लगायतका शहरहरु नजिकै पर्दछन् । वरिपरिको चिया बगानले उस्तै मोहनी लगाउँछ त्यहाँ पुग्ने जो कोहीलाई पनि । पोखरीभित्र खेल्दै गरेका विभिन्न प्रजातिका हाँसको दृश्यले समेत अन्तरिक एवम् बाह्य पर्यटकलाई भरपुर आनन्द प्रदान गर्दछ । यो मनमोहक दृश्यमा फोटो खिच्न समेतको भीड निक्कै देखिन्छ । अहिले विभिन्न प्रजातिका हाँस, कुखुरा लगायतका पंक्षी सो क्षेत्रमा राखिएको छ । निकट भविष्यमा टर्की, बटाई लगायतका पंक्षी राख्ने तयारी भइरहेको सञ्चालक देवानको भनाई छ ।

होमस्टे सञ्चालनको तयारीमा रहेको यो क्षेत्रले विगतमा एउटा राम्रो पर्यकटीय क्षेत्रका रुपमा आफ्नो पहिचान बनाउने मेची उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष एवम् युवा उद्यमी विजय डालमियाको भनाई छ । उनले भने- 'अहिले पनि धेरै मानिस यो ठाउँका बारेमा बेखबर छन् । यसको प्रचार प्रचारमा स्थानीय सरकार, वडा सरकारले ध्यान दिन जरुरी छ । ठाउँ-ठाउँमा यसको पहिचान झल्किने ठूला-ठूला साइन बोर्डहरु राख्नुपर्छ । नेपाल भ्रमण वर्ष २०२० लाई सफल बनाउने हो भने स्थानीय क्षेत्रका यस्ता स्थलको पहिचान गरी यसको विकास र प्रवर्द्धनमा सरकार लाग्नुपर्छ ।' अहिले दैनिकजसो १० देखि १५ जना मानिसहरु यहाँ आउने गरेको सञ्चालक देवानको भनाई छ । झापासहित इलाम तथा भारतका विभिन्न ठाउँबाट यहाँ बल्छी खेल्न आउने गरेको देवानले बताए ।

लामो समयसम्म हात्तीको चपेटामा परेको यो ठाउँको विकाससँगै हात्ती आउनेक्रम समेत घट्दो छ । हात्तीले क्षति नपुर्‍याउने बालीको विकल्पकारुपमा यो व्यवसाय सञ्चालन गरेको देवान बताउँछन् । यसलाई कृषिका क्षेत्रमा विकास गरी रागा, भैसी, बंगुरको फार्म सञ्चालन गर्ने योजना रहेको छ । यसका लागि आवश्यक पूर्वाधार तयार गर्दै गरेको सञ्चालकको भनाई छ । यहाँ उत्पादन भएका सम्पूर्ण खाद्यवस्तु विषादीरहित अर्ग्यानिक हुने भएकाले पनि मानिसको आकर्षण बढ्ने डालमियाको भनाई छ ।

जोडीको रोजाइमा समेत हिलेधाप क्षेत्र परेको छ । खान र घुम्न आउनेका लागि मात्र होइन यो ठाउँ प्रेम प्रेमिकाकाहरुका लागि समेत रोजाइमा पर्ने गरेको हो । मोटरसाइकलमा बिहानै आउने र दिनभरि बसेर मायाप्रितिका कुरा गरेर उनीहरु फर्किने गरेका छन् । एकान्त विभिन्न प्रदुषणबाट मुक्त यो ठाउँमा नेपालीमात्र होइन भारतीय युवा समेत आउने गरेका छन् । चियाका बुट्टामुनि बसेर एक आपसमा भलाकुसारी गरेको दृश्य पनि निक्कै रमाइलो देखिन्छ । उनीहरुले खानेकुरा लिएरै आउने गरेको भए पनि धेरैले यहीको माछा खाने गरेका छन् ।

# कनकाईमा नयाँ प्रविधिको होम बायोग्यास

**सुरुङ्गा, कात्तिक ४।** कनकाई नगरपालिका-१ मा नयाँ प्रविधिको बायोग्याँसको एक कार्यक्रमकाबीच उद्घाटन गरिएको छ ।

कनकाई नगरपालिकाका प्रमुख राजेन्द्रकुमार पोखरेलले एक कार्यक्रमकाबीच उक्त बायोग्याँस प्लाण्टको शुरुवात गरेका हुन् । मेयर पोखरेलले खाना पकाउने एलपी ग्यासको सट्टा गोवर ग्यासको प्रयोग गर्न नगरबासीलाई आग्रह गरेका छन् ।

एलपी ग्यासभन्दा सस्तो र स्वास्थ्यका दृष्टिकोणले समेत बढी लाभदायक हुने भन्दै उनले नगरबासीलाई बायोग्यास प्रयोग गर्न आग्रह गरेका हुन् । नयाँ प्रविधिको बायोग्यास जडानका लागि आवश्यक लागतको केही हिस्सा नगरपालिकाले सहयोग गर्ने उनले बचन दिए र यसका लागि प्रस्ताव नगर कार्यपालिकामा लैजाने उनले प्रतिबद्धता जनाए ।

सो अवसरमा मेयर पोखरेलले आफ्नो घरमा पनि उक्त होम बायोग्यास जडान गर्ने बताएका थिए । सञ्चारकर्मी समेत रहेका चन्द्र बस्नेतको घरमा उक्त नयाँ प्रविधिको बायोग्यास प्लाण्टको जडान गरिएको हो । उद्घाटनको अवसरमा उपस्थित



वार्ड अध्यक्षहरु रोशनराज पोखरेल, रुद्रप्रसाद चिमरिया, लक्ष्मीप्रसाद ओली, सूर्य कन्दङ्वाले नगरबासीलाई यस प्रकारको वैकल्पिक ऊर्जा जडानका लागि सहयोग गर्ने प्रतिबद्धता जनाएका छन् । त्यसैगरी, जामुनावारी वन समूहका अध्यक्ष खेमराज सिटौला, प्रजापति वन समूहका अध्यक्ष सूर्यकुमार थापाले वनमा निर्भरता कम गराउने नवीन प्रविधिको बायोग्याँस सञ्चालनका लागि नगरपालिका र वार्ड कार्यालयसँग संयुक्त छलफल गरी प्रबर्द्धनमा सहयोग पुऱ्याउने आश्वासन दिएका छन् ।

नेपाल बायोग्यास प्रवर्द्धन संघ प्रदेश नम्वर १ अन्तर्गत कञ्चनजंघा गोबरग्यास कम्पनीले कनकाई नगरपालिकामा पहिलो पटक इजरायली मोडलको बायोग्यास जडान शुरु गरेको हो । कार्यक्रममा होम बायोग्यास प्रविधिका बिक्रीवितरण विभागका विश्व उपाध्यक्ष इजरायली नागरिक लियोर मागल, सो प्रविधिका नेपाल निर्देशक विकास अधिकारी, बायोग्यास इञ्जिनियर बासु गौतम, ऊर्जाविज्ञ महेश आचार्य लगायतको आतिथ्य रहेको थियो ।

कार्यक्रममा नेपाल बायोग्यास प्रवर्द्धन संघ प्रदेश नम्वर १ का सचिव सन्तोष उप्रेतीले विशेष कुकिङ स्टोभसहित २० हजार रुपैयाँको लागतमा बन्ने सात घनमिटरको प्लाण्टबाट उत्पादित ग्याँसले नौजना परिवारलाई पुग्ने बताए । अब निकट भविष्यमा पाँच घनमिटर र दुई घनमिटरका ग्यासप्लाण्ट पनि बनाइने बताइएको छ । कार्यक्रम नेपाल वायो ग्याँस प्रवर्द्धन संघ प्रदेश नम्वर १ का अध्यक्ष शान्तिराम बराल (रुपेश)को अध्यक्षतामा सम्पन्न भएको थियो ।

**के हो नवीन होम बायोग्यास प्रविधि ?**

यो गोबरग्यास प्रविधिको विकसित रुप हो । खाडल खन्नु नपर्ने, दुई घण्टामा जडान गर्न सकिने, जडानका लागि गिट्टीबालुवा नचाहिने, शुद्ध मिथेन ग्यास उत्पादन हुने, १५ वर्षसम्म टिकाउ हुने यसका विशेषताहरु हुन् । मुसाले नकाट्ने, घामपानीले असर नपुऱ्याउने विशेष सिन्थेटिक धोक्रोलाई सम्म ठाउँमा राख्न सकिने हुन्छ । दैनिक पाँच घण्टा सञ्चालन गर्न सकिने सो प्रविधि इजरायलबाट केही महिनाअघि मात्र नेपालमा ल्याइएको हो ।

सन् २०१२ मा यो प्रविधिको अवधारणा विकास भए पनि २०१५ मा मात्र यो प्रविधिको शुरुवात भएको हो । इजरायली ऊर्जा विज्ञहरु ओसिक एफ्राती, याइर टेलर र एरेज लान्जेरले बायोग्यास प्रविधिलाई आधुनिकीकरण गर्ने क्रममा उपयोगी, मितव्ययी, वातावरणमैत्री यो होम बायोग्यास प्रविधिको आविष्कार गरेका हुन् । हाल यो संसारका एक सयभन्दा बढी मुलुकमा फैलिइसकेको छ । यसमा गोबर बाहेक भान्साघरमा उत्पन्न जैविक फोहोर पनि प्रयोगमा ल्याउन सकिन्छ । यो प्रविधिले उपभोक्ता कृषकलाई अन्य ग्यासको तुलनामा विशेष फाइदा पुग्ने देखिन्छ ।

# जयश्री कृषि सहकारीको सभा

**दुर्गापुर, कात्तिक ४।** कनकाई नगरपालिका-७ दुर्गापुर स्थित जयश्री कृषि सहकारी संस्थाको तेस्रो अधिवेशन सम्पन्न भएको छ ।

गत असोज १५ गते उद्घाटन गरिएको सो अधिवेसनमा अध्यक्ष बाहेक सम्पूर्ण पदाधिकारीहरु निर्विरोध निर्वाचित भएका थिए । अध्यक्ष पदको लागि कात्तिक २ गते निर्वाचन भएको थियो । उक्त निर्वाचनमा खड्गबहादुर कार्की (राजन कार्की) अध्यक्ष पदमा निर्वाचित भएका छन् । निर्विरोध हुनेहरुमा उपाध्यक्ष हरिलाल खबास, सदस्यहरु इन्द्रहरी भट्टराई, योगेन्द्र उप्रेती, मोहन भण्डारी, निर्मल आङ्थुपो, सिता घिमिरे, पवित्रा अधिकारी, देवीमाया राजवंशी रहेका छन् । लेखा समितिको संयोजकमा राजेन्द्र सिटौला र सदस्यहरुमा चुडाराज पराजुली र मनोजकुमार थापा सर्वसम्मत चयन भएका छन् ।

निर्वाचित सम्पूर्ण पदाधिकारीहरुलाई एक कार्यक्रमका बीच निर्वाचन समितिका संयोजक अमृत योङहाङले प्रमाण पत्र वितरण तथा शपथ ग्रहण गराएका थिए । सो अवसरमा अध्यक्ष पदका प्रत्यासी भक्तबहादुर मेयाङवो, पूर्व अध्यक्ष लीलाबहादुर कन्दङ्वा, रमेश श्रेष्ठ, चन्द्रमान कन्दङ्वाले शुभकामना मन्तव्य राखेका थिए । त्यस्तै निर्वाचित पदाधिकारीहरुको तर्फबाट अध्यक्ष खड्गबहादुर कार्कीले प्रतिबद्धता मन्तव्य राखेका थिए । कार्यक्रम व्यवस्थापक जीवन श्रेष्ठले सञ्चालन गरेका थिए ।

# माटोका भाँडा बिक्री अत्यधिक



**विराटनगर, कात्तिक ४।** तिहार नजिकिँदै गर्दा यहाँ माटाको भाँडा बिक्री अत्यधिक मात्रामा भइरहेको छ । प्रदेश नं. १ को राजधानी विराटनगर बजारमा अहिले व्यापारीलाई माटोबाट बनेका विभिन्न सामग्री बेच्न भ्याइनभ्याइ भएको छ ।

उज्यालोको पर्वका रुपमा चिनिएको तिहारका लागि माटोका भाँडा बनाउनमै कुमाले व्यस्त छन् । सर्वसाधारण सानो दियो, कलश, घैला, मटकुरी, हण्डी धुपोरो, चारमुखे दियो लगायत सामग्री किनमेल गर्न बजार आउने गरेका छन् ।

दियो प्रतिदर्जन रु. १२, कलश जोडीको रु. ५०, धुपुरो सानो प्रतिगोटा रु. ५० र ठूलो रु. ८०, ठूलो दियो प्रतिगोटा रु. ३०, हण्डी रु. १५ देखि रु. ६० सम्ममा तथा मटकुरी रु. १५ देखि रु. ४० सम्ममा बिक्री वितरण हुने गरेको छ । व्यापारी निकै उत्साहित भएका छन् ।

विराटनगरका व्यापारी सन्तोष पण्डित माटोको भाँडा बनाउने मेशिन कामदारको अभावमा बन्द गरेर राख्नुपरेको बताउँछन् । 'माटोको भाँडा बजारबाट किनेर बेच्ने गरेको छु' -उनले भने । माटोका सामग्री बाह्रैमास बिक्रीवितरण हुने गरेको पण्डितले बताए । 'अरू बेलाभन्दा तिहारमा धेरै बिक्री हुन्छ'- उनले भने ।

माटोका भाँडावर्तन विवाहका अवसरमा पनि अत्यधिक मात्रामा बिक्री हुन्छ । माटोबाट तयार पारिएका भाँडोमा बिरयानी, दही जमाउन तथा कुल्फिका लागि बढीजसो प्रयोग गरिन्छ । प्लास्टिकको सामग्री बिक्रीमा कमी आएको छ । आफूहरुको पुस्तैनी व्यापार भएकाले यसैका भरमा परिवारको पालनपोषण गर्दै आएको व्यापारी पण्डितको भनाइ छ ।

व्यापारी देवनारायण साह माटोको भाँडाको व्यापारबाट आफू खुशी रहेको बताउँछन् । तिहारमा घर-घरमा दियो बाल्ने परम्परका कारण माटोका सामग्री बिक्री बढी हुने गरेको उनको भनाइ छ ।

# सन् २०३० सम्म मातृ मृत्युदर शून्यमा झर्ला त ?

**झापा, कात्तिक ४।** संयुक्त राष्ट्र संघीय जनसंख्या कोष ( यूएनएफपी)का कार्यकारी निर्देशक नतालिया कनेमले २०३० सम्म मातृ मृत्युदर शून्यमा झार्न चुनौति रहेको बताएकी छन् ।

नेपाल भ्रमणमा रहेकी निर्देशक कनेमले बालविवाह, अशिक्षा र भौगोलिक अवस्थाका कारण नेपालमा २०३० सम्म मातृ मृत्यु शून्यमा झार्न चुनौति रहेको बताएकी हुन् ।

यूनएफपीले पुल्चोकस्थित कार्यालयमा गरेको पत्रकार सम्मेलनमा कनेमले नेपालले दीगो विकासको लक्ष्य अनुसार, सन् २०३० सम्म मातृ मृत्युदर सँगै बालविवाहलाई शून्यमा झार्न चुनौति रहेको बताएकी हुन् ।


सन् २०१६ नेपाल जानसांख्यिक सर्वेक्षण अनुसार मातृ मृत्युदर प्रति लाख जीवित जन्ममा दुई सय ३९ छ । ११ वर्षभित्र नेपालले मातृ मृत्युदर शून्यमा झार्नु पर्नेछ ।

यूएनएफपीका कार्यकारी निर्देशक कनेमले महिलाको शारीरिक संरचना गर्भवती हुन तयार नहुँदै विवाह हुने कारण मातृ मृत्युदर शून्यमा झार्न चुनौति थपिएको बताइन् । 'तर, युएनएफपीएले मातृ मृत्युदर लगायतका सुचकलाई शून्यमा झार्न गर्नुपर्ने काममा नेपाललाई सहयोग तयार छ' -उनी भन्छिन् ।

बालविवाहलाई रोक्न समुदाय स्तरमा सचेतनाका कार्यक्रम र औपचारिक शिक्षा आवश्यक भएको बताइन् । १५ वर्ष वा सो माथिको उमेर समूहका २८ प्रतिशत किशोरीले शारीरिक वा यौनहिंसा र बालविवाह जस्ता समस्या भोगिरहेको तथ्यांक छ ।

कार्यकारी निर्देशक कनेम भन्छिन्- 'यी समस्या समस्याहरुको अन्त्य गर्न महिला र पुरुषको बलियो गठबन्धन चाहिन्छ ।'

# तीन सय करोड क्लबमा 'वार'



बलिउडका दुई एक्सन सुपरस्टार ऋतिक रोशन र टाइगर श्राफ स्टारर फिल्म 'वार'ले बक्सअफिसमा कमाल गरेको छ । फिल्मले प्रदर्शनको तीन हप्तामा तीन सय करोडको कलेक्सन गरेको छ । यो सँगै वर्ष २०१९ को सबैभन्दा ठूलो ब्लकबस्टर फिल्म पनि सावित भएको छ ।

ऋतिक र टाइगरले पहिलो पटक सहकार्य गरेको यो फिल्मले अहिलेसम्म ठूला-ठूला रेकर्ड आफ्नो नाम गरेको छ । हालैमा फिल्मले कमाईको मामलामा अभिनेता शाहिद कपूर स्टारर फिल्म 'कबीर सिंह' लाई उछिनेको थियो । 'कबीर सिंह' को दुई सय ७८ करोडको कलेक्सनलाई उछिन्दै 'वार' भारतको सबैभन्दा धेरै कमाउने फिल्ममा सामेल भएको छ । यो फिल्मले ओपनिङ डेमा ५३ करोड ३५ लाखको विजनेश गरेको थियो । योसँगै यसले आमिर खानको फिल्म 'ठग्स अफ हिन्दोस्तान' को सबैभन्दा ठूलो ओपनिङको रेकर्ड तोड्यो ।

तीन सय करोड क्लबमा इन्ट्री हुने टाइगरको पहिलो फिल्म, २०१९ को सबैभन्दा चाँडो तीन सय करोड कमाउने फिल्म, हाइएस्ट ओपनर हिन्दी फिल्म, ऋतिक-टाइगर-यशराज फिल्मस्को हाइएस्ट ओपनर, टाइगर-ऋतिकको करिअरको हाइएस्ट ओपनर र २०१९ मा ओपनिङ डेमा सबैभन्दा धेरै कमाउने फिल्मको रेकर्ड राख्यो 'वार' सफल भएको छ ।

# 'घामड शेरे' समाज र सिस्टमप्रति व्यंग्य

हेमराज विसीको डेब्यू निर्देशित फिल्म हो- 'होस्टेल' । लभस्टोरी जनरामा बनेको यो फिल्मले उनलाई नेपाली फिल्ममा एक सम्भावना बोकेको निर्देशकको रूपमा चिनायो । र, यही फिल्मबाट डेब्यू गरेका अभिनेता अनमोल केसीलाई रातारात 'स्टार' बनायो । यसपछि उनले अनमोललाई नै लिएर दुई फिल्म बनाए- 'जेरी र गाजलु' । दुबै फिल्म बक्सअफिसमा सफल ठहरिए ।

तर, जब अनमोलसँग उनको सहकार्य टुट्यो त्यसपछि उनी निर्देशित फिल्मले न दर्शक सन्तुष्ट बनाउन सके न बक्सअफिसमा पैसा छाप्न नै सफल भए । अभिनेता आशिरमान देशराज जोशीलाई लिएर उनलाई 'ग्यांगस्टार ब्लूज र द ब्रेकअप' बनाएका थिए । तर, दुबै फिल्म बक्सअफिसमा डिजास्टर सावित भए । अब, उनले कात्तिक ८ गते फिल्म 'घामड शेरे' लिएर आउँदैछन् ।

फिल्ममा रियल जोडी निश्चल बस्नेत र स्वस्तिमा खड्का प्रमुख भूमिकामा छन् । यसअघि शहरिया युवापुस्ताको प्रेममा आउने उतार-चढावलाई फिल्ममा उतारेका निर्देशक विसीले यो फिल्ममा कथा भन्न गाउँ पसेका छन् । वर्षौ विदेशमा कमाएको पैसाले गाउँमै खेतीपाती गर्ने योजना बोकेर गाउँ फर्किएको एक युवकको जीवनमा आउने उतार-चढावको कथामा फिल्म बुनिएको छ ।

आफ्नो जनराभन्दा बाहिरको फिल्म गरेका निर्देशक विसी 'घामड शेरे' ले समाज र सिस्टमप्रति व्यंग्य गर्ने बताउँछन् । 'हाम्रो समाजमा जिद्धि, एकसुरे, अरूले भनेको नसुन्ने र नटेर्ने व्यक्तिलाई घामड भन्ने गरिन्छ । फिल्ममा निश्चलले निभाएको पात्र पनि त्यही प्रकारको छ । उसले जे गर्छ त्यो समाजका लागि घामड लाग्छ' -उनी भन्छन्- 'समाज र सिस्टमप्रति सटायर हो फिल्म ।'

'घामड शेरे' छायांकन भएको स्थान सुर्खेतमा एक व्यक्तिले आफूले किनेको खेत खोलालाई बगाएपछि खोलालाई नै मुद्दा हालेको कहावतबाट फिल्मको कथाको जन्म भएको निर्देशक विसी बताउँछन् । 'सुर्खेततिर यो जोक्स निकै चर्चित छ । धेरैले यसलाई सत्य पनि मान्छन् । तर, कसैलाई यसको वास्तविकता भने थाहा छैन । मलाई फिल्मको आइडिया त्यहीँबाट आएको हो' -उनले भने ।

उनी फिल्ममा निश्चल र स्वस्तिमा कथाको माग रहेको बताउँछन् । फिल्ममा सबैभन्दा अगाडि निश्चल अनुबन्ध भएका थिए । फिल्मको स्क्रिप्ट लक भएपछि निर्देशक विसीले निश्चललाई अभिनेत्रीमा स्वस्तिमाको नाम सिफारिस गरे । निश्चल कुनै आपत्ति नजनाएपछि निर्देशक विसीले स्वस्तिमालाई फिल्म अप्रोच गरे । तर, स्वस्तिमाले आफू फिट नहुने भन्दै अर्कै अभिनेत्रीको नाम सिफारिस गरिन् ।

निर्देशक विसी भन्छन्- 'जब मैले स्वस्तिमालाई फिल्मको कथा सुनाएँ तब उसले यो भूमिकामा म फिट हुँदिन अर्कै अभिनेत्री राख्नुस् भनेकी थिइन् । उनले केही अभिनेत्रीको नाम पनि सिफारिस गरेकी थिइन् । तर, मैले फिल्ममा निश्चलको सालीको भूमिकामा स्वस्तिमा बाहेक अरू सोचेको थिइनँ । बल्ल-बल्ल उसलाई कन्भिन्स गराएँ ।' अभिनेत्री स्वस्तिमाले पनि उनको कुरामा सहमति जनाइन् ।

'घामड शेरे' को मूल कथा निश्चलको वरिपरि घुमेको छ । उनले फिल्ममा विदेशबाट फर्किएको एक युवकको भूमिका निभाएका छन् । सुष्मा निरौलाले फिल्ममा निश्चलको श्रीमतीको भूमिका निभाएकी छन् । सिमोस सुनुवार निर्माता र नरेन्द्रविक्रम, बुद्ध क्षेत्री कार्यकारी निर्माता रहेको फिल्मलाई नरेन्द्र मैनालीले खिचेका हुन् । सुरेन्द्र पौडेलको सम्पादन र कालीप्रसाद बाँस्कोटाको फिल्ममा संगीत रहेको छ ।

